पर्वत

नेपाल पर्वतारोहण संघको त्रैमासिक समाचार बुलेटिन
"PARBAT" Nepal Mountaineering Association News Bulletin

बर्ष २, अंक ९ असोज २०५२



विश्वको सर्वोच्च शिखर सगरमाथा

यसभित्र

- नेपाली पर्वतारोहीहरु: एक पेशा-समस्या र सम्भावना विचार गोष्ठी विवरण
- ने.प.संघ दिवस समारोहमा विभूषित पर्वतारोहीहरू
- पर्वतीय पर्यटन र हिमाली वातावरण संरक्षण
- नेपाल पर्वतारोहण संघः कुन दिशातर्फ उन्मुख ?
- नेपाली शिखर आरोहीहरुको वर्तमान र भविष्य
- नेपाली पर्वतारोही- के समस्या भोग्दैछन् ?
- हिउँ चितुवा आङरिता शेर्पासंग साक्षात्कार
- सगरमाथा कसरी पत्ता लाग्यो ?
- सन् १९९५- कसले आरोहण अनुमति पाए ?
- नेपालमा पर्वतारोहण गतिविधि (सन् १९७८-१९९४)
- पर्वतारोहण संघका देश-देशान्तर गतिविधि

Mountaineering Expedition Teams (1978-1994)

Year	Season	Number of Teams	Number of Mountaineers	Number of Employment	Royalty (Rs. in Thousand)	Expenditure of the team (Rs. in thousand)
1978	Spring	18	–	–	221	–
	Autumn	24	–	–	393	–
	Winter	–	–	–	–	–
	Total	42			614	
1979	Spring	21	213	5250	242	5092
	Autumn	26	255	3474	320	6103
	winter	1	20	292	15	566
	Total	48	488	9016	577	11761
1980	Spring	32	285	4098	409	8204
	Autumn	25	294	2780	338	5256
	Winter	7	60	760	96	2367
	Total	64	639	7638	843	15827
1981	Spring	34	370	5157	420	9386
	Autumn	40	316	3597	4799	6925
	Winter	5	23	840	62	1906
	Total	79	709	9594	5281	18217
1982	Spring	32	330	3608	405	5881
	Autumn	43	407	4391	523	9194
	Winter	9	69	840	108	2429
	Total	84	806	8839	1036	17504
1983	Spring	30	284	2926	401	5704
	Autumn	46	406	4186	600	11301
	Winter	12	73	755	149	1570
	Total	88	763	7867	1151	18575
1984	Spring	34	326	3756	535	6832
	Autumn	49	399	3600	1619	7264
	Winter	19	144	1559	598	6073
	Total	102	869	8915	2752	20170
1985	Spring	26	244	2132	1037	5224
	Autumn	49	433	4559	1645	7532
	Winter	16	147	2144	616	5114
	Total	91	824	8835	3298	17870
1986	Spring	31	304	4188	1177	9516
	Autumn	49	430	4351	2225	15041
	Winter	14	73	1876	661	4297
	Total	94	807	10415	4063	28854
1987	Spring	27	207	3796	1279	10270
	Autumn	58	491	5615	2359	18081
	Winter	13	98	1755	692	5669
	Total	98	796	11166	4330	34020
1988	Spring	30	372	4446	1440	16997
	Autumn	50	469	5569	2993	19170
	Winter	12	95	824	646	6415
	Total	92	936	10839	5079	42583
1989	Spring	48	426	5625	2816	25224
	Autumn	60	496	4652	3537	31109
	Winter	17	131	707	869	7643
	Total	125	1053	10984	7222	63976
1990	Spring	29	249	3530	1759	16255
	Autumn	80	650	8009	4881	48678
	Winter	11	67	640	626	3435
	Total	120	966	12179	7266	68368
1991	Spring	37	308	2686	2878	65879
	Autumn	82	628	5230	4956	71448
	Winter	11	102	1238	1095	19036
	Total	130	1038	9154	8929	156363
1992	Spring	34	300	4244	11721	35181
	Autumn	69	565	3732	16529	53617
	Winter	10	64	275	2101	12557
	Total	113	929	8251	30351	101355
1993	Spring	29	271	2460	11640	53845
	Autumn	56	400	2578	22573	44593
	Winter	9	54	358	4496	4631
	Summer	1	5	27	392	735
	Total	95	730	5423	39101	103804
1994	Spring	99	121	896	18372	41140
	Autumn	77	523	3915	24326	63911
	Winter	8	45	347	1407	6725
	Summer	1	7	81	393	1725
	Total	105	696	5239	44498	113501

(**Autumn:** Sept. To mid–Nov., **Winter:** Dec. to mid February, **Spring:** March–May last, **Summer:** June–Aug.)*Source: Ministry of Tourism*

नेपाल पर्वतारोहण संघ दिवस शुभकामना

नेपाल पर्वतारोहण संघले विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलोपल्ट सफल आरोहण भएको ऐतिहासिक दिन २९ मे, १९५३ को संझनामा गरिने सगरमाथा दिवसको अवसरमा आफ्नो बाइसौं वार्षिकोत्सव मनाउन लागेको कुरा थाहा पाउँदा मलाई हर्ष लागेको छ ।

हाम्रो देशको विदेशी मुद्रा आर्जन गर्ने मुख्य श्रोतको रुपमा रहेको पर्यटन उद्योगमा पर्वतारोहण क्षेत्रको स्थान अग्रणी रही आएको छ । मुलुकको अर्थतन्त्रको विकास गर्न र विश्व समक्ष पहिचान दिन महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने यस क्षेत्रको विस्तार र सम्वर्द्धनका लागि यस पर्वतारोहण संघलाई सफलता मिल्नेछ भन्ने विश्वासका साथ यस दिवसमा विशेष प्रकाशन हुन लागेकोमा शुभकामना व्यक्त गर्न चाहन्छु ।

मनमोहन अधिकारी
(पूर्व प्रधानमन्त्री)

नेपाल पर्वतारोहण संघले यस वर्ष आफ्नो स्थापनाको बाइसौं वार्षिकोत्सव मनाउन लागेको सुखद अवसरमा म संघको निरन्तर सफलता र विकासको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । विश्व पर्वतारोहण इतिहासमा मे २९ ऐतिहासिक महत्वको दिन रहिआएको छ । सगरमाथा सफल आरोहण गर्ने परिश्रमी आरोहीहरुको स्मृतिमा यस दिवसलाई आफ्नो वार्षिकोत्सवको रुपमा मनाउने नेपाल पर्वतारोहण संघले उपयुक्त निर्णय गरेको छ ।

नेपालको प्रमुख पर्यटक आकर्षण यसको अनुपम भौगोलिक अवस्थिति मानिन्छ । हाम्रा हिमालय र पर्वतहरु विश्वभरका आरोही र पदयात्रीका लागि, प्रकृतिप्रेमी र शान्तिप्रेमी जनता सबैका लागि प्रेरणा, साहस, शाश्वत शान्तिका श्रोत रहिआएका छन् । यस परिप्रेक्ष्यमा नेपालमा पर्यटनको दिगो विकासको लागि वातावरण संरक्षण अन्यन्तै महत्वपूर्ण पक्ष रहेको छ । वातावरण संरक्षण शहरी क्षेत्रमा मात्र नभएर पदयात्री तथा पर्वताराहीहरुद्वारा प्रयुक्त ग्रामीण वातावरणका लागि समेत त्यत्तिकै महत्वपूर्ण छ । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समस्त जनताको सामाजिक-आर्थिक समुन्नतिका लागि देशमा पर्यटन प्रवर्धन गर्न पूर्णत: कटिवद्ध छ । यस उद्देश्य प्राप्तिका लागि हामी सबै सम्बन्धित संस्थाहरुबाट सकारात्मक समर्थन तथा सहयोगको अपेक्षा राख्दछौं ।

नेपाल पर्वतारोहण संघले देशमा पर्वतारोहण गतिविधिको विकासका लागि विशेषत: नेपाली आरोही टोलीको आरोहण सीप दक्षता विकसित गर्न अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाल पर्वतारोहण संघ आफ्ना उद्देश्य प्राप्तितर्फ कार्यरत रहिरहने तथा वातावरण अनुकूल पर्वतारोहण गतिविधि व्यापक पार्ने दिशामा संघले योगदान पुऱ्याउने आशा गर्दछु ।

यस अवसरमा म साहसपूर्ण कार्यमा सफलता प्राप्त गर्न पर्वतारोहीहरु, पर्वतारोहण गतिविधि विस्तार गर्न नेपाल पर्वतारोहण संघले निर्वाह गरेको अग्रणी भूमिका तथा पर्वतारोहण पेशामा सक्रिय सहभागी अन्य सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु । म पुन: संघ लगायत सम्बद्ध सबैलाई आफ्ना उदात्त लक्ष्यप्राप्तिमा पूर्ण सफलताको शुभेच्छा व्यक्त गर्दछु ।

भीमबहादुर रावल
(पूर्व पर्यटन तथा नागरिक उड्डयन मन्त्री)

विश्वको सर्वोच्च शिखर सगरमाथा सर्वप्रथम आरोहण भएको दिन २९ मे १९५३ को स्मृतिमा आयोजना गरिने सगरमाथा दिवसको अवसर पारी नेपाल पर्वतारोहण संघले आफ्नो बाइसौं वार्षिकोत्सव मनाउन लागेको सान्दर्भिक ठान्दछु । पर्वतारोहण क्षेत्रमा नेपालले विश्वमै अग्रणी स्थान ओगटेको छ र यसको कारणबाटसमेत बाह्य विश्वमा चर्चित रहेको छ । विश्वका ८००० मीटरभन्दा अग्ला १४ हिमशिखरहरुमध्ये ८ वटा चुलीहरु नेपालमा अवस्थित छन्, जसमध्ये सगरमाथाको आफ्नो विशिष्ट आकर्षण र महिमा रहेको छ ।

विभिन्न अन्तर्राष्ट्रिय संघ-संस्थाहरुसित निकट सम्पर्क स्थापना गरी नेपाल पर्वतारोहण संघले पर्वतारोहणको प्रवर्द्धन र विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपाली आरोहीहरुको हितलाई ध्यान राखेर यसले बर्षेनी चलाउँदै आएको प्रशिक्षण कार्यक्रम पनि उल्लेख्य छ ।

बदलिंदो परिस्थिति अनुसार पर्वतारोहण गतिविधिलाई विकसित र विस्तार गर्ने काममा नेपाल पर्वतारोहण संघ सदैव सक्रिय रहिरहने छ भन्ने आशा राख्दै संघ आफ्ना उद्देश्य परिपूर्ति गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

खगेन्द्र बस्नेत
का.मु. पर्यटन सचिव

हामी आज नेपाल पर्वतारोहण संघको २२ सौं वार्षिकोत्सव मनाइरहेका छौं । यस विशेष अवसरमा म संघका गतिविधि र पर्वतारोहण विकासमा योगदान पुऱ्याउने पूर्व अध्यक्षहरु, पदाधिकारी तथा सम्पूर्ण सदस्यहरुप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु । नेपाल पर्वतारोहण संघले भविष्यमा सबैबाट समर्थन, सहयोग र संरक्षण पाइरहनेमा विश्वस्त छु ।

नेपाल पर्वतारोहण संघ आफ्नो स्थापनाको दुई दशकभन्दा बढी अवधिमा देशमा पर्वतारोहण र पदयात्रालाई लोकप्रिय पार्न, विश्वमा नेपाली हिम श्रृंखलाहरुको लोकप्रियता बढाउन, पेशेवार पर्वतारोही तथा पर्वतारोहण पेशामा संलग्न सबैको बहुपक्षीय हितका कार्य गर्न, पर्वतारोहण सीप र दक्षता विकास गर्न समर्पित रहिआएको छ । संघले पर्वतारोहीहरुका लागि हाल विविध कल्याणकारी र प्रशिक्षण कार्यक्रम संचालन गर्नुका साथै अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय निर्माण गर्ने तथा हिमाली वातावरण संरक्षणमा उल्लेख्य योगदान पुऱ्याउने दिशामा क्रियाशील छ ।

सगरमाथा सफल आरोहणको वार्षिकोत्सव तथा नेपाल पर्वतारोहण संघ दिवसको यस अवसरमा हामीले सगरमाथा तथा आठ हजार मिटरभन्दा बढी उच्च हिम शिखरहरुको सफल आरोहण गर्ने नेपाली वीरहरुको अभिनन्दन गर्ने कार्य शुभारम्भ गरेका छौं । हामीले पर्वतारोहीहरुको अभिनन्दन गर्ने यस कार्यलाई निरन्तरता प्रदान गर्ने तथा यसबाट युवा पिंढीमा आरोहणलाई लोकप्रिय पार्न प्रोत्साहन पुग्ने आशा तथा विश्वास राखेका छौं । यस महत्वपूर्ण दिवसमा म पुन: सबैप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

दावा नर्बु शेर्पा
अध्यक्ष, नेपाल पर्वतारोहण संघ

तत्कालीन राज्यमन्त्री भीमबहादुर रावल
पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

'नेपाली पर्वतारोहित : समस्या र संभावना' विषयक गोष्ठीको उद्घाटन सम्बोधनमा तत्कालीन राज्यमन्त्री भीमबहादुर रावलद्वारा व्यक्त अभिमत :

- ४२ वर्ष अघि सिन्दिन शेर्पा सगरमाथा चुचुरोमा पाइला टेकेर राष्ट्रिय गौरव अभिवृद्धि गरेपछि त्यही पदचिन्ह अनुसरण गरेर आगेरा हो शेर्पाले बिना अभिलेखन नबी पटक, माया शेर्पाले साती पटक तथा कैलास बहादुर पुना महिलाहरले राष्ट्रिय प्रतिष्ठा बढाएका छन्, नगरमाथाको उच्च सफल नेपाली माटोमा पर्वतारोही पासाङ लहानु शेर्पाले राष्ट्रिय गौरव बढाउन पुऱ्याएकी योगदान अत्यन्त उल्लेखनीय छ, यस परिप्रेक्ष्यमा २९ मे लाई नेपाल पर्वतारोहण संघले पर्वतारोहीहरुको अभिनन्दन र उचित सम्मान गर्ने कार्यको थालनी गरेबाट पर्वतारोहीलाई प्रोत्साहन मिल्नेछ ।

- राष्ट्रिय प्रतिष्ठा र गौरव श्रीवृद्धिमा योगदान पुऱ्याउने पर्वतारोहीहरुलाई विभिन्न सहकोर पुऱ्याउनु पर्छ, साथसाथ पर्वतारोहण स्कूलबाट ३१२ आरोहीहरुले तालीम प्राप्त गरिसकेका जानकारीका सन्दर्भमा पर्वतारोहीहरुले प्राप्त ज्ञान र कार्यकुशलता उपयोग गर्न सकिएला त्यसबाट पर्वतारोहणमा योगदान पुगुला साथै नयाँ आरोहीहरु सामाजिक हुने छन् ।

- पर्वतारोहण गतिविधि पर्यटन विकासको लागि आधार महत्वपूर्ण पक्ष भएकोले तथा नेपालका हिमाली भूभागले विश्वमा नेपालाई प्रमुख पर्यटनस्थलमा सुरक्षित पुऱ्याउनुका साथै अर्थतन्त्रमा समेत योगदान पुऱ्याएको पृष्ठभूमिमा हालीन जनताको बहुपक्षीय आवश्यकता पहलाई प्रयोग गरिनु आवश्यक छ । पर्वतारोहण गतिविधि भएको सामाजिक कार्य अधि बढाउन, हालीन र दुर्गम क्षेत्रका बसोबास गरेका जनताको जीवन उत्थान गर्न तथा पर्वतारोहीहरुलाई अझ बढी आकर्षित गर्न प्रयास गर्नुपर्ने ।

- श्री ५ को सरकार पर्वतारोहणको बहुपक्षीय विकास गर्न चिन्तनशील छ, यस सन्दर्भमा पर्वतन नीति ल्याइदैछ, हिमश्रिङ्खलाको पर्यावरण सुन्दरता कायम राख्न, पर्वतारोहीहरुको सुरक्षा गर्न अभ्यास गरी राखिएको छ, पर्वतारोहण गतिविधि विस्तार गर्ने नयासहरुका विभिन्न पक्षमा कार्ययोजना ल्याइनु पर्ने सरकारको सोचाई छ ।

- नेपाल पर्वतारोहण संघले सगरमाथाको पहिलो सफल आरोहणको पार्टिकोत्सव सम्पन्नमा गोष्ठी आयोजना गरी सार्वजनिक चेतना अभिवृद्धि गर्ने, शिर्जनात्मक कार्यमा जनताको प्रोत्साहन गर्ने तथा पर्वतारोहीहरुको सम्मान गर्ने उपयुक्त कार्य गरेको छ । यस क्षेत्रमा सुनुपर्ने काम धेरै छन्, यस परिवेशमा यी पक्षमा निजी क्षेत्रको प्रयासमा साथ पुऱ्याउन सरकार तयार छ । गोष्ठीमा सहभागीको निचोडबाट श्री ५ को सरकार लाभान्वित हुनेछ, गोष्ठीका निष्कर्षलाई सरकारले सकारात्मक रुपमा लिनेछ ।

'नेपाली पर्वतारोहित: एक पेजा- समस्या र संभावना, गोष्ठीका उद्घाटन सम्बोधन पश्चात् गोष्ठीका ६ कार्यपत्र प्रस्तुत गरिने कार्यक्रम भएकोमा डा. रमेशराज कुँवर, जे.बी सिंह, प्रेम कुमार शेष्ठ, आंगपुर्बा शेर्पा तथा भूमिसान लामाले कार्यपत्र पेस गर्नु भयो । गोष्ठीमा व्यक्त अभिमतको निचोड-

डा. रमेशराज कुँवर,
का.वा. अध्यक्ष, नेपाल पर्वतारोहण संघ
विषय : 'नेपाली पर्वतारोहीको अवस्था र भूमिका'

-पर्वतारोहण इतिहासमा सन् १९०० लाई सर्वप्रथम महत्वपूर्ण वर्षका रुपमा संस्मरण गर्नु पर्दछ, सन् १९०० मा डा.ए.एल. वेम्राडको साथमा सर्वप्रथम नेपाली शेर्पाहरु दार्जीलिङमा गई पर्वतारोहण गतिविधिमा प्रवेश गरेका थिए । त्यसमा पछिलोपन्ट सन् १९५३ मे २९ मा सगरमाथाको सफल आरोहण भएपछि सन् १९५३-१९९५ का अवधिमा पर्वतारोहण र पथप्रदर्शनले विश्व मानचित्रमा नेपाल र नेपालीलाई परिचित गुराउन सफल भएको छ । पर्वतारोहणले कठिन वातावरणमा हुनी, धीरता प्रदर्शन गरी नेपालाई साथ साथको देशमा परिचित गराए फलस्वरुप वर्तमी विश्वका विभिन्न भू-भागबाट करीब ७००००/८००० पथायी हिमाली भू-भागमा प्रवेश गर्दछन् ।

- पर्वतीय पर्यटनको विकास विस्तारमा पर्वतारोहीहरुको अथक योगदान रहिआएको छ, नेपालको परिवेशमा सन् १९५३ देखि पेशेवार पर्वतारोहीहरुले पर्वतारोहण गतिविधिमा संलग्न हुने अवसर पाए । विदेशी पर्वतारोहीहरु नेपालका हिमशिखर आरोहण गर्न सफल भए, तर दुर्भाग्यवश नेपाली पर्वतारोहीहरुको स्थिति र अवस्था सन् १९५३ देखि यथावत छ, उपयुक्त नीति नियम तर्जुमा हुन नसक्दा नै यस्तो स्थिति उत्पन्न भएको हो ।

- पर्वतारोहीका समस्या सम्बन्धमा पर्वतारोहीहरुले दश बीस वर्ष अघिको न्यानो मजदुरी पाएका छ, बीमा रकमको लेखाजोखा बैन, पर्वतारोहीको कहीं कतरी दुर्घटना भएमा भन्ने यथार्थ मूल्यांकन छैन । यसअवस्थामा बीमा व्यवसाय बढी वैज्ञानिक ढंगमा व्यवस्थित गर्नुका साथै पर्वतारोहीहरुको सुविधा सम्बन्धी संरचनामा परिवर्तित आवश्यकता अनुरुप परिवर्तन गर्नु जरुरी छ ।

- पर्वतारोही र तिनका परिवारले सामाजिक जीवनमा कठिन स्थितिको सामना गर्नु परिरहेको छ, पर्वतारोहीहरु स्वास्थ्योपचारका अभावमा छटपटिएका तथा विरामी सोधाखोरी र परिवारका सदस्यलाई छाडेर बर्खको बढी समय खुम्बु, अत्यन्तपूर्ण तथा मनास्लु क्षेत्रमाका हिमाली क्षेत्रमा बिताउनु पर्दा तिनका परिवारका सदस्यहरुको चिन्तनी हुने गरेको छ । यस सन्दर्भमा सम्बन्धित निकायले पर्वतारोहीहरुको तिनका लागि गंभीरतापूर्वक सोच्नु पर्दछ ।

- सन् १९५३-१९९५ का अवधिमा १४२ पर्वत र हिमाल आरोहण गर्ने क्रममा पर्वतारोहीहरुले गोनु परेको दुःखद घटनाको लेखाजोखा छैन । खुम्बु, नाम्चे लगायतका विभिन्न क्षेत्रमा १९८७-१९८९ का अवधिमा १२९ पर्वतारोहीहरुले जीवन गुमाउनु परेको प्रारंभिक अनुमान छ । दुःखद घटनामा परेका पर्वतारोहीहरुले अभिलेख कायम गरी पर्वतारोहीका परिवारको उचित हेरविचारतर्फ ध्यान दिनु आवश्यक छ ।

- पर्वतन व्यवसायी, पेशेवार पर्वतारोही तथा विदेशी आरोहण टोलीका सरसफाइदेखीच मजदुरीबारे समझदारी र 'कम्पलिकेशन लाग' आदिमेत्ती पछाडीका बारेमा समन्वय कायम गर्नी निम्ति मजदुरी तोकिनु पर्दछ ।

पर्वतारोही इभ एस.सी. सरिन र तिनको विचार थियो- "यदि भगवानले शेर्पाहरुलाई जन्म नदिएको भए त्यहाँ सगरमाथा (माउन्ट एभरेष्ट) हुने थिएन होला ।" पर्वतारोहीको मुख्य उद्देश्य शिखरमा पुग्नु हो, तर पर्वतारोहीको पनि निश्चित जिम्मेवारी हुन्छ । पर्वतारोहीले पर्यावरण, वातावरण र संस्कृतीमाथि आघातहरु नगरी उच्चहरुले अन्तेवारेमा सोच्नु जरुरी छ, प्रकृतिको संरक्षण र सम्वर्धनमा पर्वतारोहीहरुको अझ बढिमात जिम्मेवारी रहने भएकोले हिमाली क्षेत्रमा सानिस, पर्वतारोही तथा संस्कृतिलाई सुरक्षित र संरक्षित गर्ने सम्बद्ध सबै किसानीय हुनु पर्दछ । वातावरण र पर्यावरण तथा संस्कृतिलाई जगेडेने हिमाली र जिम्मेवारी क्षेत्रमा प्रयोग गरिने, दुई शब्द **जिमेकी जिरोन** (Exterior Environment) तथा **नाइन्ट्लाकी लेभजेन** (interior living beings) भाई बचाबी, त्यसैला छ, यसी सबैको कल्याण ।

जे.बी. सिंह
अध्यक्ष, ट्रेकिंग एजेन्ट्स एसोसियसन नेपाल
विषय : पर्वतारोहणको व्यावहारिक पक्ष र सुधारका आवश्यकता

-पहिले किटीस साम्राज्यको अन्त्य हुने गरेको बेला विभिन्न राष्ट्रका सार्वभौम 'सानो सोल्जोनी' भनेर डराउने, आजिने सार्वभौम राष्ट्र नेपालनाई विश्व मानचित्रमा परिचित गुराउने क्रमा हिमाली धनुभाई हुन् ।

- नेपालको पर्वतारोहणको महत्वपूर्ण पक्ष पर्वतीय पर्यटनमा पर्वतारोहण देखि पथप्रदर्शन र सामाजिक क्रियाकलाप पर्दछन् । राजस्व संकलन र रोजगारीमूलक गतिविधि बढाउन पर्वतीय पर्यटनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपाल विश्वका लागि खुला रहिएको जैसी वर्षतमा जुने ऐन नियम विधान र स्थापनेका सकारात्मक सम्बद्ध आम परराष्ट्र मन्त्रालयद्वारा हेरिन्थ्यो । पर्यटन मन्त्रालय स्थापना पछि पर्वतारोहण ऐन र नियमावली बन्यो, हर २०४२

सालमा आइपुग्दा समेत त्यसमा केही संशोधन बाहेक नियम यथावत छन् । पर्यटन नीति नियम व्यावहारिक छैनन्, पर्यटन नीति अनुकूल हुनु पऱ्यो र नीति नियम अध्यावधिक गर्नु आवश्यक छ ।

- पर्वतीय पर्यटनमा दुई तीन वर्षदेखि ह्रासोन्मुख स्थिति देखापरेको छ । विगत वर्ष दशहजार पदयात्री घटेका छन्, भविष्य अनिश्चित भएकोले यस व्यवसायमा संलग्न व्यक्तिहरु हतोत्साही भएका छन् । पर्वतीय पर्यटनमा ह्रास आउनुका कारणमा राजनीतिक, प्राकृतिक र अन्य विविध कारण होलान्, तर श्री ५ को सरकारको समसामयिक नीति नभएको तथा हचुवा तथा 'ट्रायल एण्ड एररका आधारमा नीति नियम तर्जुमा गरि एकोले समेत यस्तो स्थिति सिर्जना भएको हो ।

- पदयात्रा, पर्वतारोहण र समग्रमा पर्यटनको विकासमा कागजी प्रक्रिया सरल र सहज पारिनु पर्दछ, पर्वतारोहणमा संलग्न हुन ईच्छुक व्यक्तिले आवेदन दिएपछि श्री ५ को सरकार सम्बद्ध निकायले कुन मार्गबाट कुन हिमाल चढने लगायतका सबै सूचना उपलब्ध गराउन सक्ने व्यवस्था हुनुपर्छ, सम्बद्ध निकायहरुले कर्मचारीलाई अल्पावधिमै सरुवा गर्ने प्रवृत्तिले समस्या उत्पन्न हुने गरेकोले त्यस्तो प्रवृत्ति अन्त्य गर्न ध्यान दिनु पर्दछ ।

-विभिन्न हिमश्रृंखलाका लागि चर्को सलामी दस्तुर, सम्पर्क अधिकृत सम्बन्धमा थोपरिएका विभिन्न झन्झट आदिले गर्दा नेपाल भन्दा अन्यत्र पर्वतारोहण आकर्षक बढेको छ । फोहर मैलाका नाममा रकम डिपोजिट गर्नुपर्ने व्यवस्थाले आरोहण टोली मात्र हैन, ट्रेकिंग एजेन्सी समेत हैरान भएका छन्,

Garbage deposit व्यवस्था वैज्ञानिक नभएकोले त्यस व्यवस्था खारेज गर्नु पर्दछ, बरु बेग्लै शुल्क लिई हिमाली क्षेत्रका व्यक्तिहरुलाई समावेश गरेर सफाई अभियान संचालन गर्नु पर्दछ । आरोहण टोलीमा सदस्य सीमित गरिएकोले त्यसबाट राजस्व घटेको छ, कामदार संख्या कम भएको छ, उनीहरुले काम पाएका छैनन् । पर्वतारोहीहरु यी बिबिध समस्याले गर्दा अन्यत्र जान थालेकाले रोयल्टी व्यवस्था पुनरावलोकन गरी आवश्यक संशोधन गरिनुपर्छ ।

- सम्पर्क अधिकृतको विभिन्न जिम्मेवारी तोकिएको छ तर दुर्भाग्यवश धेरैजसो सम्पर्क अधिकृत आधार शिविरसम्म जादैनन्, आरोहण टोलीमा राजदूतको हैसियत राख्ने सम्पर्क अधिकृतको जिम्मेवारी र स्तर कायम गरिनु पऱ्यो, राजनीतिक नियुक्ति र दवावमा सम्पर्क अधिकृत तोकिनु हुदैन । एउटै उद्देश्यको लागि दुई सम्पर्क अधिकृत पठाइन्छ र यो आवश्यक छैन । दुवै काम सम्पर्क अधिकृतले गर्न सक्ने भएकोले सम्पर्क अधिकृत पठाउने कार्यलाई अतिरिक्त आय र रोजगारी दिने कार्यको रुपमा ठानिनु भएन । सम्पर्क अधिकृत पठाउँदा पहिले सेना, प्रहरी र त्यसपछि मात्र नागरिकलाई जिम्मेवारी दिनु पर्दछ ।

- न्यूनतम बीमा र मजदूरी सम्बन्धित संस्थाहरुको आपसी समन्वयका आधारमा तोकिनु पर्छ, हरेक पल्ट नियम संशोधन गर्नु संभव हुँदैन, ज्यालादर तर्फ प्रचलित दर लिने र त्यसमा चित्त बुझाउने गरिएको छ, सम्पर्क अधिकृत र सरकारलाई आरोहण उपकरण दिनुपर्छ भनिएको छ, तर त्यसको सट्टा पैसा लिने प्रवृत्ति बढेको छ । यसको लागि उपकरण (Equipment) अथवा त्यस बापत निश्चित रकम पाउने व्यवस्था गरिनु पर्दछ ।

Rescue operation (उद्धार कार्य) पर्वतारोहणमा मात्र होइन, पदयात्रामा पनि आवश्यक छ, बीमाको प्रावधान छैन र बीमा गरेपनि ५ प्रतिशत मात्र गर्ने गरिएको छ, बीमा कम्पनीसंग वार्ता गरेर बीमा व्यवस्थामा सुधार र उपयुक्त व्यवस्था गरिनु पर्दछ । तत्काल उद्धार गर्न सक्ने आवश्यक स्थिति सिर्जना गर्नु पर्दछ । सरकारी वा गैर-सरकारी निकायहरुबाट Rescue Escorts (उद्धार टोली) व्यवस्था गर्नु उपयुक्त हुनेछ । पर्वतीय पर्यटनको भविष्य उज्ज्वल नभई नैराश्यपूर्ण भएकोले यी समस्याहरुको समाधानमा ध्यान दिनु पर्दछ ।

प्रेम कुमार श्रेष्ठ

अध्यक्ष, नेपाल ट्रेकिंग मजदूर संघ

विषय : "ट्रेकिंग मजदूरको समस्या"


- देशमा करीब ४०० ट्रेकिंग एजेन्सी छन्, कतिपय कामदारहरु डेढ दुई दशकदेखि पर्वतीय क्षेत्रमा क्रियाशील रहेपनि रोजगारीको ग्यारेन्टी छैन । ट्रेकिंग मजदूरहरुको कामको प्रत्याभूति हुनुपर्छ ।

- ट्रेकिंग एजेन्सी सबैमा बीमाको व्यवस्था छैन, तलब वृद्धि समान रुपमा गरिदैन । तलब बेग्लाबेग्लै छ, पर्वतारोहण र पदयात्रामा समर्पित मजदूरहरुले वर्षको चार महिना बाहेक बांकी समय त्यसै बिताउनु पर्दा विभिन्न आर्थिक समस्या बेहोर्नु परेको छ । यसबारे एजेन्सी र सरकारी दुवै पक्षले ध्यान पुऱ्याउनु पर्दछ । पर्वतारोहीहरुको बहुपक्षीय हितका लागि सरकारबाट ठोस पाइला चालिनु पर्दछ,

- सम्पर्क अधिकृतले सरकारी निकायको तलब खाएर पनि बढी भत्ता पाउने तर ट्रेकिंग मजदूरहरुलाई लुगा भत्ता बापत रु. सात हजार मात्र दिने व्यवस्था न्यायोचित नभएकोले ट्रेकिंग मजदूरहरुलाई भत्ता बढाउनु पर्दछ ।

- नेपाल पर्वतारोहण संघले प्रत्येक वर्ष आधारभूत र 'एडभान्स' प्रशिक्षण लिनेहरुसंग शुल्क लिन थालिएकोले समस्या परेको छ । मजदूरहरुलाई बढी आर्थिक भार बोकाउनु भएन, प्रशिक्षण शुल्क नलिने व्यवस्था गरिनु जरुरी छ ।

- पर्यटन मन्त्रालयले पर्वतारोहीहरुको सुरक्षा व्यवस्था गर्न सहयोग पुऱ्याएको छैन । आंगरिता शेर्पा जस्ता विश्वविख्यात पर्वतारोहीलाई गाँस बास र रोजीरोटीका लागि सगरमाथा जानै पर्ने



विवश गराउन भएन, आंगरितालाई घरको व्यवस्था गरिनु पर्दछ र यसमा पर्वतारोहण संघको सहयोग समेत आवश्यक छ । नाम्चे वा जोमसोममा विख्यात पर्वतारोहीहरुको सालिक बनाउनु पर्दछ ।

- पासाङ ल्हामु शेर्पाको रोयल्टी फिर्ता भयो तर सोनामको खोजी गर्ने सक्रियता कसैमा छैन । पर्वतारोहीहरुको सुरक्षा र बहुपक्षीय हितका लागि सम्बद्ध निकायबाट ठोस कदम चालिनु पर्दछ ।

- ट्रेकिंग मजदूर संघले विगतमा प्रस्तुत गरेको नौ सूत्रीय माग पूरा गरिएमा स्थितिमा सुधार देखापर्न सक्नेछ ।

गोष्ठीको दोस्रो सत्रमा सहभागीहरुका लागि अन्तरक्रिया खुला गरिएको थियो । दोस्रो सत्रमा व्यक्त विचार-

बसन्त थापा,

कार्यसमिति सदस्य, नेपाल पर्वतारोहण संघ

- पर्वतारोहीहरु पहिलो पल्ट एकै ठाउँमा भेला भएर आफ्ना समस्या र समाधानबारे छलफल गर्नु सान्दर्भिक र उपयोगी छ ।

- सम्पर्क अधिकृतको सन्दर्भमा विविध समस्या देखापरेका छन्, श्री ५ को सरकारले कर्मचारीलाई मात्र सम्पर्क अधिकृतका लागि योग्य ठानेको छ, हालका वर्षहरुमा राजनीतिमा लागेका व्यक्तिसमेत सम्पर्क अधिकृत हुने गरेका छन् । पर्वतारोहण जोखिमपूर्ण कार्य भएकोले उमेर ढल्केपछि केही गर्न नसक्ने तथा जीवन बिताउनु पर्ने हुनाले सक्रिय पर्वतारोहण त्यागेर बसेका तथा साक्षर व्यक्तिहरुलाई सम्पर्क अधिकृत बनाउन सके उनीहरुले सम्मानपूर्ण जीवन यापन गर्न सक्नेछन् ।

- समग्रमा पर्वतारोहण सम्बन्धी नियम संशोधन आवश्यक छ, ज्याला र बीमा लगायतका पक्षमा पर्यटन तथा नागरिक उड्यन मन्त्रालयले ध्यान दिनु पर्दछ ।

- सगरमाथा क्षेत्रमा प्रदुषण घटाउन आरोहण सीमित गरिएको छ, दीर्घकालीन सोचाई नराखी रोयल्टी बढाउन गरिएको निर्णयको फलत: उत्तरी क्षेत्रबाट सगरमाथा आरोहण आकर्षण बढेको छ, यसपल्ट उत्तरतर्फ सगरमाथा आरोहण गर्ने १२ टोली भएकोमा नेपालबाट यस ऋतुमा तीन टोलीले मात्र आरोहण अनुमति लिएका तथ्यलाई ध्यान दिनु पर्दछ । हिमश्रृंखला सरसफाई गर्ने नाममा आरोहण नियन्त्रण गरिएकोले टोली संख्या घटेको छ, एक टोलीमा ३००-४०० स्थानीय व्यक्ति एक टोलीमा संलग्न हुंदा रोजगारी पाउने मात्र होइन, त्यसबाट प्राप्त आम्दानी ग्रामीण क्षेत्रमा पुगी स्थानीय जनता लाभान्वित हुन्छन् । सगरमाथाका ६ मार्गमध्ये सबैभन्दा कठिन दक्षिण-पश्चिम मोहडा छ, तर रोयल्टी लिने प्रक्रिया बेग्लै छ । सजिलो मार्गमा महंगो रोयल्टी र गाह्रोमा सस्तो पारिनु उपयुक्त हुनेछ । रोयल्टी र आरोहण अनुमति व्यवस्थामा सामयिक संशोधन र परिवर्तन आवश्यक छ ।

-हिमाली क्षेत्रमा प्रदूषण र फोहरको समस्याको नाममा आरोहण गतिविधि नियन्त्रण गरिएमा त्यसबाट दीर्घकालीन हानी पुग्दछ, यस पक्षमा पुनर्मूल्यांकन गरी तदनुरुप कदम चाल्नु पर्ने समय आइसकेको छ । समग्रमा राष्ट्रको वृहत्तर हितका लागि प्रकृतिको व्यापक प्रयोग गरिनु पर्दछ । खुम्बु क्षेत्रको आरोहण गतिविधिमा लगाइएको नियन्त्रण खुला गरिनु आवश्यक छ र हिमाली क्षेत्रको सरसफाईका लागि मन्त्रालयले एक कोष स्थापित गरी त्यसमा संकलित रकम सरसफाईमा लगाउनु बुद्धिमत्तापूर्ण कार्य हुनेछ ।

डिम्मी शेर्पा

पर्वतारोही

- सगरमाथा क्षेत्रमा फोहरको समस्या छ, साउथ समिटमा परेका लाशहरु सरकारको सम्बन्धित पक्ष र पर्वतारोहण संघ मिलेर निकाल्नु जरुरी छ ।

- मनाङमा संचालित पर्वतारोहण स्कूलबाट पर्वतारोहीहरु लाभान्वित भएका छन्, तर प्रशिक्षार्थीहरुसंग शुल्क लिने व्यवस्था उचित छैन । पर्वतारोहण स्कूलमा महिलाहरुलाई नि:शुल्क प्रशिक्षणका साथै महिला 'इन्स्ट्रक्टरको व्यवस्था गरिनु आवश्यक छ । पर्वतारोहण गतिविधिमा जीवन समर्पित गरेका पर्वतारोही निराश छन्, पर्वतारोहीहरुमा हिमाल चढेर के पाइन्छ ? भन्ने गुनासो बढदैछ, विदेशमा विभिन्न जनजातिका व्यक्तिले समेत आफूलाई शेर्पा भनेर परिचय दिने प्रवृत्ति बढेको छ । शेर्पाहरु हिमाली भेगमा जन्मिएर विद्यालयको अभावमा शिक्षा हासिल गर्न सकेनन् । त्यसैले साक्षर भए पनि वा नभए पनि सम्पर्क अधिकृत पठाउंदा पर्वतारोहीहरुलाई नै पठाइनु पर्दछ ।

- आरोहण क्रममा कतिपय पर्वतारोहीले जीवन गुमाएका कारण कैयौं विधवा भएका छन् र कैयौं बालबालिका आफ्ना अभिभावकको अभावमा छटपटाइरहेकाले पर्वतारोहीका परिवारको जीविकोपार्जनका लागि ठोस र दीर्घकालीन व्यवस्था गरिनु पर्दछ ।

लामा पासांग शेर्पा

संयोजक

गोष्ठी उपसमिति- धन्यवाद ज्ञापन

- सगरमाथा दिवसको पुनीत उपलक्ष्यमा नेपाल पर्वतारोहण संघ दिवस पर्वतारोहीहरुको चासोको दिवस भएको तथा पर्वतारोहण दिवस मनाउने क्रममा आठ हजार मिटर उच्च शिखर आरोहण गर्ने पर्वतारोहीहरुको अभिनन्दन गर्ने क्रम शुरु गरिएकोले यसबाट पर्वतारोहीहरुलाई प्रोत्साहन मिल्नेछ ।

- यस पटकको नेपाल पर्वतारोहण संघ दिवस सफल पार्न पर्वतारोहीहरुको उत्साह अत्यन्त महत्वपूर्ण छ र गोष्ठीमा भएका छलफल, पर्वतारोहीका समस्या समाधान गर्न गोष्ठीमा व्यक्त विचार निकै महत्वपूर्ण हुनेछन् ।

- आगामी वर्षहरुमा दिवस अझ व्यापक बनाउनेतर्फ प्रयास गरिनुका साथै आरोहीहरुको सहभागिता बढाउनेतर्फ प्रयास गरिनेछ । यस प्रकारका कार्यक्रम तथा गोष्ठीमा भएका अन्तरक्रियाबाट प्राप्त निष्कर्ष सम्बद्ध पक्षलाई जानकारी गराइने भएकोले पर्वतारोहीका समस्या समाधानमा टेवा पुग्ने विश्वास गरिन्छ ।

गोष्ठी समापन पछि तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सर्वोच्च शिखर सगरमाथा तथा आठ हजार मिटर उच्च हिमशिखरहरु सफलतापूर्वक आरोहण गर्ने ख्यातिप्राप्त पर्वतारोहीलाई अभिनन्दन तथा पदक वितरण गर्नु भएको थियो ।

अभिनन्दन तथा पदक वितरण समारोहको प्रारंभमा संघका सचिव भूमिलाल लामाले स्वागत भाषण तथा प्रतिवेदन प्रस्तुत गर्दै नेपाल पर्वतारोहण संघको विगत, वर्तमान र भविष्यका गतिविधिमा प्रकाश पार्नु भएको थियो । यस्तै समारोहको अन्त्यमा नेपाल पर्वतारोहण संघ दिवस समारोह समितिका अध्यक्ष सोनाम ग्याल्जेन शेर्पाले संघको बाइसौं वार्षिकोत्सवको अवसरमा सगरमाथा दिवस तथा वीर नेपाली पर्वतारोहीहरुको सम्मानमा प्रमुख आतिथ्य ग्रहण गरी, अभिनन्दन पत्र तथा पदक प्रदान गरिदिनु भएकोमा प्रधानमन्त्रीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नु भएको थियो । श्री शेर्पाले प्रधानमन्त्री र पर्यटन तथा नागरिक उड्यन राज्यमन्त्री भीमबहादुर रावलज्यूको समुपस्थितिमा पहिलोपल्ट सम्पन्न अभिनन्दन समारोहबाट पर्वतारोहीहरुलाई हौसला र प्रेरणा प्राप्त भएको विश्वास व्यक्त गर्नु भएको थियो ।

यसअघि समारोहको पहिलो चरणमा राजदम्पतीको तस्वीरमा माल्यार्पणसहित शुभारम्भ भएको प्रदर्शनी उद्घाटन समारोह समेत आकर्षक पक्ष थियो । समारोहमा पर्वतारोहण अभियानका क्रममा जीवन गुमाउने दिवंगत पर्वतारोहीहरुको स्मृतिमा एक मिनेट मौन धारणा गरिएको थियो ।

विश्वको सर्वोच्च शिखर सगरमाथा सबैभन्दा कम १८ वर्षको उमेरमा १८ वर्षमा आरोहण गर्ने पर्वतारोही शंभु तामाङले प्रदर्शनी उद्घाटनका क्रममा यसप्रकारका कार्यक्रमलाई निरन्तरता प्रदान गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । त्यस अवसरमा संयोजक भरतप्रसाद पराजुलीले धन्यवाद ज्ञापन गर्दै मात्र ४५ दिनको अवधिमा पर्वतारोहण सम्बन्धी चित्र प्रदर्शनी आयोजना गर्नु परेको, प्रदर्शित चित्रहरु र उपकरण निर्माण गरिने संग्रहालयका लागि महत्वपूर्ण हुने तथा सन् १९६२ मा पहिलोपल्ट सेतो दरबारमा यु.आई.ए.ए.को साधारण सभाको अवसरमा सन् १९८२ मा दोस्रोपल्ट तथा यसपल्ट तेस्रोपटक प्रदर्शनी आयोजना गरिएको जानकारी दिनुभयो । जनसाधारण सबैका लागि खुला राखिएको प्रदर्शनीमा सगरमाथाका सफल पर्वतारोहीहरु, विभिन्न उच्च हिमशिखरका आरोहीहरु, पर्वतारोहण सम्बन्धी सामान र उपकरण, ऐतिहासिक तस्वीर, पर्वतारोहणका क्रममा आवश्यक पक्षहरु प्रदर्शित गरिएका थिए ।

नेपाल पर्वतारोहण संघ दिवस समारोह (२०५२ जेठ १५) मा प्रमुख अतिथि तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा अभिनन्दन पत्र तथा पदकबाट विभूषित हुने पर्वतारोहीहरू



नेपाल पर्वतारोहण संघ दिवसको अवसरमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा सुविख्यात पर्वतारोही आङरिता शेर्पालाई अभिनन्दन पत्र तथा पदकले विभूषित गरिँदै

सगरमाथा सफल आरोहीहरु

१) स्व.फू दोर्जी शेर्पा
२) स्व. श्रीमती पासाङ ल्हामू शेर्पा
३) श्री आङरिता शेर्पा
४) श्री शम्भु तामाङ
सगरमाथा सफल आरोहीहरु
सन् १९७३
१) स्व. छोतारे शेर्पा,
२) श्री ल्हाक्पा तेन्जिङ शेर्पा, नाम्चे १
३) श्री सोनाम ग्याल्छेन शेर्पा, धोविचौर
सन् १९७५
४) श्री आङ छिरिङ शेर्पा, नाम्चे २
५) श्री पर्तेम्बा शेर्पा
सन् १९७८
६) श्री आङ कामी शेर्पा, चौरीखर्क १
सन् १९७९
७) श्री आङ जाङ्बु शेर्पा, पाङबोचे
८) स्व. सुन्दरे शेर्पा
सन् १९८०
९) श्री पासाङ तेम्बा शेर्पा, चौरीखर्क ६
सन् १९८२
१०) श्री ल्हाक्पा दोर्जी शेर्पा, खुम्जुङ २
११) श्री ल्हाक्पा छिरिङ शेर्पा, खुम्जुङ ५
१२) श्री पेमा दोर्जी शेर्पा, खुम्जुङ, २
१३) श्री ओङचु शेर्पा, टाप्टीङ ७
सन् १९८३
१४) श्री ल्हाक्पा दोर्जी शेर्पा, खुम्जुङ फोर्चे ५
१५) डती शेर्पा, फोर्चे, खुम्जुङ
१६) डावाङ यन्दिन शेर्पा
सन् १९८५
१६) स्व. नारायण श्रेष्ठ
१७) श्री आङ फुर्वा शेर्पा, नाम्चे १
१८) श्री छवाङ रिन्जी शेर्पा, नाम्चे ३
१९) श्री आङ कर्मा शेर्पा, सल्लेरी, दोर्फु
सन् १९८८
२०) स्व. सोनाम छिरिङ शेर्पा
२१) श्री दावा छिरिङ शेर्पा, चौरीखर्क ८
२२) श्री निमा टाशी शेर्पा, खुम्जुङ पाङबोचे
२३) श्री लाक्पा सोना शेर्पा, खुम्जुङ ९
२४) श्री पासाङ ग्याल्जेन शेर्पा, जोर्सल्ले १
सन् १९८९
२५) श्री नुर्बु जाङ्बु शेर्पा, चौरीखर्क ६
२६) श्री दावा नोर्बु शेर्पा, खुम्जुङ ४
२७) श्री सोनाम देन्डु शेर्पा, खुम्जुङ २
सन् १९९०
२८) श्री अपा शेर्पा, थामे ७
२९) श्री दोर्जी शेर्पा, लामावगर दोलखा
३०) श्री पासाङ नुर्बु शेर्पा, नाम्चे ३
३१) श्री आङ फुरी शेर्पा, सलुङ ८
३२) श्री डिमा तेम्बा शेर्पा, रोल्वालिङ

३३) श्री आङ फुर्वा शेर्पा, नाम्चे थामे ७
३४) श्री पेम्वा दोर्जी शेर्पा, दोलखा बेदिगं
३५) श्री आङ तेम्वा शेर्पा, खुम्जुङ ४
३६) श्री आङ जाङ्बु शेर्पा, फोर्चे
३७) श्री ल्हाक्पा रिता शेर्पा, नाम्चे ७
३८) श्री दानुरु शेर्पा, खुम्जुङ, फोर्चे ९
३९) श्री फिन्जो शेर्पा, खुम्जुङ
सन् १९९१
४०) श्री छुल्दिम तेम्वा शेर्पा, नाम्चे २
४१) श्री योङ तेन्जिङ शेर्पा, नाम्चे ३
४२) श्री गेल्बु शेर्पा, गौरीशंकर १
४३) श्री आङ तेम्वा शेर्पा, खुन्दे, खुम्जुङ
सन् १९९२
४४) श्री पेम्वा नोर्बु शेर्पा, चौरीखर्क २
४५) श्री टाशी छिरिङ शेर्पा, खुम्जुङ ८
४६) श्री छुल्दिम शेर्पा, पाङबोचे ८
४७) श्री ङतेम्वा शेर्पा, खरीखोला १
४८) श्री मानबहादुर तामाङ, सल्लेरी ५
४९) श्री काजी शेर्पा, तामाखानी
५०) श्री वाबु छिरी शेर्पा, टाकसिन्दु
५१) श्री दावा टासी शेर्पा, रोल्वालिङ २
५२) श्री ल्हाक्पा नुरु शेर्पा, जुभिङ, खरीखोला
५३) श्री दा तेम्वा शेर्पा, नाम्चे थोमु २
५४) श्री पेम्वा नर्बु शेर्पा, नाम्चे १
सन् १९९३
५५) पासाङ कामी शेर्पा, खरीखोला १
५६) श्री दोर्ची शेर्पा, टाप्टीङ १
५७) श्री ङवाङ योन्देन शेर्पा, दोलखा गौरीशंकर
५८) श्री नुर्बु शेर्पा, रोल्वालिङ
५९) श्री आङ छिरिङ शेर्पा, खुम्जुङ ५
६०) श्री लोप्साङ जाङबु शेर्पा, गौरिशंकर
६१) श्री तेन्जी शेर्पा, थामे ७
६२) श्री आङ पासाङ शेर्पा, खाते
६३) श्री पेम्वा तेम्वा शेर्पा, खुम्जुङ ८
६४) श्री ओङदा छिरिङ शेर्पा, मकालु
६५) श्री आङ पासाङ शेर्पा, खुम्जुङ, पाङबोचे
६६) श्री ङा तेम्वा शेर्पा, जुभिङ, खरीखोला ९
६७) श्री दावाछिरिङ शेर्पा, दोलखा, गौरीशंकर ७
६८) श्री निमा गोम्बु शेर्पा, खुम्जुङ
६९) श्री आङ छुम्बि शेर्पा, खुम्जुङ ३
७०) श्री पेम्वा नुर्बु शेर्पा, चौरीखर्क १
७१) श्री दुर्गा तामाङ
सन् १९९४
७२) श्री छेवाङ निमा शेर्पा, ठेसो ४
७३) श्री निमा गोम्बु शेर्पा, रोल्वालिङ
७४) श्री दावा छिरिङ शेर्पा थामे ७
७५) श्री कामी रिता शेर्पा, नाम्चे ७
७६) श्री डिमा तेम्वा शेर्पा, चौरीखर्क ८
सन् १९९५
७७) श्री तेन्जिङ नुरु शेर्पा, नाम्चे ९
७८) श्री जाङबु शेर्पा, टाप्टीङ १
७९) श्री ल्हाक्पा दोर्जी शेर्पा, सोताङ ६ चित्रे
८०) श्री मिङमा छिरिङ शेर्पा, रोल्वालिङ १
८१) श्री मुसुल काजी तामाङ
८२) श्री दोर्जी शेर्पा, नाम्चे ५
८३) श्री पासाङ छिरिङ शेर्पा, गौरीशंकर १, रोलवालिङ

८००० मिटर माथिका हिमशिखर आरोहीहरु

१) नवाङ दोर्जी शेर्पा, खुम्जुङ, सोलु	(धौलागिरी सन् १९६०)
२) श्री फु दोर्जी शेर्पा, वौद्ध, जोरपाटी	(चोयू सन् १९६४)
३) श्री पेम्वा छिरिङ शेर्पा, टामो, सोलु	(धौलागिरी,सन् १९७५)
४) श्री पासाङ शेर्पा, छिल्यमु, टाकसिन्दु	(मनास्लु, सन् १९७६)
५) श्री आङ कामी शेर्पा, लुक्ला	(धौलागिरी, सन् १९७८)
६) श्री आङ छोपाल शेर्पा, खरीखोला	(मकालु, सन् १९७८)
७) श्री पेम्वा शेर्पा, टोक्टार, वेनी, सल्लेरी,	(अन्नपूर्ण, सन् १९७९)
८) श्री पेम्वा शेर्पा, सोताङ चाखा	(अन्नपूर्ण, सन् १९८०)
९) श्री आङ फुर्वा शेर्पा, खुम्जुङ	(कन्चनजंघा, सन् १९८०)
१०) श्री किल नेम्वा शेर्पा, थामे	(चोयु, सन् १९८१)
११) श्री ल्हाक्पा नोर्बु शेर्पा, वौद्ध, जोरपाटी	(मनास्लु, १९८१)
१२) श्रीमती डिमी शेर्पा, पाङबोचे, सोलु	(नुप्चे, सन् १९८३)
१३) श्री फुर्वा शेर्पा, टाकसिन्दु, रिङमो	(मकालु, सन् १९८२)
१४) श्री छोङ, रिन्जी शेर्पा, गौरीशंकर, दोलखा	(चोयू, १९८४)
१५) श्री आङ दोर्जी शेर्पा, जुभिङ, सोलु	(मकालु, १९८६)
१६) श्री आङ पासाङ शेर्पा, छेस्काम, मामेर्कु	(शिशायांग्मा, १९८६)
१७) श्री मिङमा तेन्जिङ शेर्पा, नाम्चे, थामेटेङ	(चोयू, १९८७)
१८) श्री रिन्जी शेर्पा, जुभिङ, खरीखोला	(चोयु, १९८७)
१९) श्री काजी शेर्पा, गोली, सोलुखुम्बु	(अन्नपूर्ण, १९८७)
२०) श्री इमान गुरुङ, लाप्राक ६, गोरखा	(मकालु, १९८८)
२१) श्री नुरु शेर्पा, ज्याकु, चरिकोट	(धौलागिरी, १९९०)
२३) श्री पासाङ शेर्पा, वेनी, सोलुखुम्बु	(शिशापांग्मा, सन् १९९१)
२४) श्री किपा शेर्पा, सोताङ हिले	(धौलागिरी, १९९१)
२५) श्री कामी छिरि शेर्पा, भकान्जे	(चोयू, १९९२)
२६) श्री तेन्जिङ शेर्पा, भोताङ,	(चोयू, १९९२)
२७) श्री दानु शेर्पा, टाकसिन्दु	(चो यू, १९९२)
२८) श्री कुंगा शेर्पा, गौरीशंकर, दोलखा	(चोयू, १९९३)
२९) श्री ङवाङ स्यागे शेर्पा, लामावगर, दोलखा	(चोयू, १९९३)
३०) श्री दानुरी शेर्पा, सिमिगाउँ	(ल्होत्से, १९९३)
३१) श्री पासाङ गोम्बु शेर्पा, लोक्खिम, साकर्मा	(चोयू १९९४)
३२) श्री आङ पासाङ शेर्पा, गौरीशंकर	(चोयू, १९९४)
३३) श्री दावा शेर्पा, सल्लेरी, भाकाङ	(अन्नपूर्ण १९९४)
३४) श्री मान वहादुर गुरुङ, सिलपाटी, डाँडा	(धौलागिरी, १९९४)
३५) श्री पाडिमा शेर्पा, सल्लेरी	(धौलागिरी, १९९४)
३६) श्री ङवाङ दोर्जी शेर्पा, गौरीशंकर, दोलखा	(चोयू, १९९४)

पर्वतीय पर्यटन र हिमाली वातावरण संरक्षण

नेपाल पर्वतारोहण संघ दिवसको उपलक्ष्यमा प्रथम उपाध्यक्ष डा. रमेशराज कुंवरको मन्तव्य

जनसंख्या वृद्धि, बेरोजगारी, दरिद्रता र प्रदूषण नै हिमाली क्षेत्रको विकासको बाधक बन्न पुगेको छ । उल्लिखित चार महत्वपूर्ण बाधकसँग हामी हाम्रो भविष्यको लागि के कसरी सामना गर्नु पर्ने हो भन्नेबारेमा आजको सोचाई रहनु आवश्यक छ । हिमाली क्षेत्रको महिमा प्राचीनकालदेखि नै भएकोले त्यहाँको पर्यावरण, वातावरण, वन्यजन्तु र मानव संस्कृतिको संरक्षण गर्नु नै आजको मुख्य उद्देश्य हुनेछ । पर्यावरणको क्षेत्रमा पर्यावरण- योग, पर्यावरण -दर्शन, पर्यावरण-प्रक्रिया, पर्यावरण- मण्डल, पर्यावरण - अर्थ, भअय-लष्अभ, र पर्यावरण - शिक्षालाई मुख्य आधार बनाई हिमाली क्षेत्रलाई अझ अगाडि लैजानुपर्ने आवश्यकता देखिन्छ । हिमाली क्षेत्रको साँस्कृतिक पर्यावरण अर्को महत्वपूर्ण पक्ष भएकोले स्थानीय वासिन्दाहरुको शिप, प्रविधि, कला र जाँगरलाई बढीभन्दा बढी उत्साह गर्नुको साथै जीवित वन्य जन्तु, रुखविरुवा, जडिवुटी, खोलानाला, कुण्ड आदिको संरक्षण सम्बन्धी मनोवैज्ञानिक शिक्षा प्रदान गर्नु पर्ने आवश्यकता महसूस गरिएको नपाइने होइन । प्राकृतिक सौन्दर्यता र साँस्कृतिक रमणीयता कायम राख्न हरियो डाँडालाई खैरो डाँडाको रुपमा परिवर्तन हुनबाट जोगाउनको लागि साना जलविद्युत योजनाको विकास गर्नु पर्ने अर्को आवश्यकता देखिन्छ । हिमाली क्षेत्रमा अवस्थित गुम्बाहरुमा मात्र विद्युत उपलव्ध गराउन सकेमा ईन्धनको खपत धेरै नै बच्ने सम्भावना देखिन्छ ।

जहाँसम्म पर्वतीय पर्यटनको कुरा छ यसबाट सकारात्मक प्रभाव त हुन्छ नै तर देखापर्ने नकारात्मक प्रभावलाई पनि औल्याएर समय समयमा अनुसन्धान र मूल्यांकन गरी कुन ठाउँमा कति पर्यटक पठाउन सकिन्छ त्यसको आधारमा वातावरणलाई दृष्टिगत गरी सन्तुलन ल्याउने दृष्टिकोणले बिभिन्न ठाउँमा पर्यटनको पूर्वाधार विकास गरी पर्वतीय पर्यटनको विकास गर्नु पर्दछ । आजभोलि देखापर्दै गएको प्रदूषणले गर्दा पर्यटन सम्बन्धी, पर्यटकको महत्व, पर्यटनबाट पर्नसक्ने नकारात्मक प्रभाव, क्याम्पको विशेष व्यवस्था र उल्लिखित सम्पूर्ण पक्षलाई समेटने गरी हिमाली वासिन्दाहरुलाई समेत श्रव्य दृश्य मार्फत शिक्षा प्रदान गर्न सकेमा स्थानीय जनचेतना आउन सक्तछ । प्राय: यस्ता कार्यहरु गैर-सरकारी संस्थाहरुबाट हुनु पर्दछ र यसको लागि सम्बन्धित निकायहरुले आवश्यक सामग्रीहरु जुटाइदिनु पर्दछ ।

पर्वतीय पर्यटनको विकास र विस्तारको लागि चार महत्वपूर्ण व्यवस्थापन पक्षबाट हेर्नु पर्ने आवश्यकता देखिन्छ । उस अन्तर्गत पहिलो क्स्तभ :बलबनझभलत पर्दछ र यसै अनुरुप सर्वप्रथम त पर्यटकहरु जहाँ जहाँ वास वस्दछन ती ठाउँहरुमा शुद्ध पानीको व्यवस्था, निश्चित क्षेत्र, चर्पीको व्यवस्था, सफासुग्घर, बाटोघाटो, बिजुलीको वन्दोवस्त भएमा र समय-समयमा उक्त स्थानबारे वातावरण सन्तुलन, संस्कृतिको संरक्षण सम्बन्धी प्रवचन गराइनु पर्ने या त्यससंग सम्बन्धित नीति नियमहरु बनाएर चेतनशील पार्न सकेमा सकेमा हिमालको महिमालाई निरन्तरता ल्याउन सकिन्छ र यसले पर्यटकलाई आकर्षण गराइनै राख्दछ । दोश्रो, Protection Management अन्तर्गत पदयात्रा गर्दा बाटोको दायाँ बायाँ बोट विरुवा, फलफुल, घाँस आदिलाई असर नगर्ने गरी पदयात्रा गराउनु पर्दछ भने वन्य जीवजन्तु, संरक्षण गरी रुख कटानी जतिसक्दो निरुत्साह गर्नु पर्दछ । तेश्रो, Visitors management अन्तरगत पर्यटकहरुको किसिम, कस्तो खालको पर्यटकलाई कुन ठाउँमा पठाउन सकिन्छ र त्यसबाट सो ठाउँमा के कस्ता किसिमका प्रभाव, प्रतिकूल असर पर्न सक्छ सो कुरालाई मनन गरी संख्यात्मक दृष्टिकोणले स्थान विशेष पर्यटकहरुलाई पदयात्रा गराउन हौसला दिनु पर्छ र समय समयमा अनुसन्धान र मूल्यांकन गरेर देखापरेको प्रभावलाई सुधार गरी नयाँ ठाउँमा पर्यटनको विकास गर्न सकेमा पर्यावरण, वातावरण र सांस्कृतिक निरन्तरता आउँदछ । यसबाट दिगो पर्यटनको विकास हुन सक्दछ । चौथो, Research Management अन्तरगत खासगरी उक्त स्थानहरुको चौतर्फी विकास गर्न बिभिन्न विषयका अनुसन्धानकर्ताहरुलाई संलग्न गराई अनुसन्धान गराई नीति, नियमहरु बनाउनु पर्दछ ।

जहाँसम्म स्थानीय संस्कृति, धर्म, मूल्य, मान्यता, रीतिरिवाज, चालचलनको कुरा छ त्यसलाई पर्यटनको प्रभावबाट जोगाउनको लागि उचित कदमहरु चाल्नु पर्छ । संस्कृति बिना प्रकृतिले मात्र पर्यटकहरुलाई आकर्षण नगराउने हुनाले हिमाली क्षेत्रको साँस्कृतिक रमणीयतालाई पनि सम्वर्द्धन गर्नु अनिवार्य देखिन्छ ।

पर्वतीय पर्यटनको विकास गर्दा पथ प्रदर्शकलाई गुणस्तरमा वृद्धि गर्नु पर्ने कुरामा पनि जोड दिइ आएको छ । अझ उनीहरुलाई पर्यटन, वातावरण, पर्यावरण, संस्कृति, संरक्षण र सम्वर्धनको बारे वैज्ञानिक ढंगबाट तालिम दिन सके अझ राम्रो हुने थियो । यस सम्बन्धि खासगरी तीन महत्वपूर्ण पक्ष (Regulation, Reciprocity Responsibility) को आधारमा पर्वतीय पर्यटनबारे नीति र नियम तर्जुमा हुनु पर्ने देखिन्छ । जति जति पर्वतीय पर्यटनको विकास हुन्छ त्यति नै स्थानीय बासिन्दाहरु आर्थिक दृष्टिकोणले लाभान्वित हुनुपर्छ भन्ने कुरामा कसैको दुई मत हुन सक्तैन । तर परम्परागत सीप र पेशालाई असर नगर्ने गरी हिमाली क्षेत्रका स्थानीय समुदायको चौतर्फी विकास गरिनु पर्छ भन्ने उद्देश्यले जन स्तरसम्म (Grass Root Level) पुऱ्याउन विभिन्न कदम चाल्नु पर्दछ ।

जहाँसम्म हिमाली डकुमेन्टेशन सम्बन्धी कुरा छ त्यसबारे पर्वतीय पर्यटन, पर्वतारोहण, हिमाली वातावरण, पर्याबरण, भौगोलिक सूचना सेवा, धर्म, संस्कृति आदिलाई समेटने गरी अन्तर्राष्ट्रिय संग्रहालयको निर्माणले नेपालको पर्वतीय पर्यटनको विकासको लागि ठूलो टेवा मिल्न सक्नेछ । यसलाई समेट्न तीन महत्वपूर्ण पक्ष Technological language, Philosophical language, action oriented language लाई समावेश गर्नुको साथै कम्प्यूटरमा प्रवेश गराई विचारहरु आदान प्रदान गर्न हिमाली क्षेत्रसंग सम्बन्धित देशहरुले समय समयमा अन्तर्राष्ट्रिय सम्मेलन गराउनु पर्ने आवश्यकता देखिन्छ । समष्टिमा माथि उल्लेखित विभिन्न पक्षलाई विचार गर्दा हिमाली क्षेत्रको बारेमा पर्वतीय पर्यटनको विकासलाई निरन्तरता कायम गर्न Indigenous ideology लाई प्रमुख स्थान दिई, Tourists observational model को आधारमा सम्बन्धित निकायले नीति नियम निर्माण गर्दा Indignisational approach लागु गर्नु पर्ने देखिन्छ । यसबाट सामुदायिक विकास, संस्कृति र सम्पदाको संरक्षण, वातावरणमा सन्तुलन र जैविक विविधतामा देखापरेको खतराबाट मुक्त हुन सक्ने सम्भावना मात्र होइन कि वैज्ञानिक ढंगबाट पर्वतीय पर्यटनलाई संस्थागत रुपमा विकास गर्न सकिने आशा गर्न सकिन्छ ।

नेपाल पर्वतारोहण संघ– कुन दिशातर्फ उन्मुख ?

नेपाल पर्वतारोहण संघका तर्फबाट सचिव भूमिलाल लामाद्वारा व्यक्त स्वागत अभिभाषण तथा प्रतिवेदन

नेपाल पर्वतारोहण संघले प्रथम पटक सर एडमण्ड हिलारी तथा तेन्जिङ नोर्गे शेर्पाले विश्वको सर्वोच्च शिखर सगरमाथा सफल आरोहण गर्नु भएको दिन मे २९ लाई चीरस्मरणीय बनाउन पर्वतारोहण गतिविधिमा अग्रणी भूमिका प्रदान गर्दै आएको यस संघको दिवसलाई पनि आज मे २९ को ऐतिहासिक दिनमा भव्यताका साथ मनाउने थालनी गरेको छ ।

देशको पर्वतीय पर्यटनसंग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले गाँसिएको विविध पक्षको संरक्षण, सम्बर्द्धन गर्दै पर्वतीय पर्यटनको विकास र प्रबर्द्धन गर्ने उद्देश्यले नेपाल पर्वतारोहण संघको स्थापना सन् १९७३ मा भएको हो । संघलाई शुरुका वर्षहरुमा आर्थिक कठिनाई परेको थियो तर सन् १९७८ देखि सम्पूर्ण संस्थापक पदाधिकारी तथा कार्य समितिका सदस्यहरु विशेष गरी संस्थापक अध्यक्षको प्रयासबाट श्री ५ को सरकारले यस संघलाई १८ वटा पदयात्रा चूलीहरुको आरोहण अनुमति प्रदान गर्ने र आरोहण अनुमति प्रदान गरे बापत आरोहण दस्तुर लिने अधिकार प्रदान गरेपछि संघले आर्थिक टेवा पाएकोले कार्य संचालन गर्न तथा कार्य क्षेत्र बिस्तार गर्न सक्षम हुँदै आएको छ । आरोहण कार्यमा संलग्न पेशेवरहरुको कार्यलाई सुनिश्चित गर्न पर्वतारोहण ऐन बमोजिम यस संघमा अनिवार्य रुपले आफ्नो नाम दर्ता गराउनुपर्ने व्यवस्था भएअनुसार संघमा दर्ता भएका पेशेवर पर्वतारोहीहरुको संख्या ३९६३ पुगेको छ ।

यस संघ मनाङस्थित पर्वतारोहण स्कूलमा पर्वतीय पर्यटन पेशामा संलग्न पेशेवर व्यक्तिहरुलाई प्रत्येक वर्ष आधारभूत र उच्च गरी दुई स्तरका तालीम दिँदै आएको छ । हाम्रो तालीम प्राप्त प्रशिक्षार्थीहरु मध्ये केहीले सगरमाथा पनि सफलता साथ आरोहण गरिसकेका छन् र उनीहरुको सहयोगले विदेशी पर्वतारोहण दलहरु आरोहण कार्य सुगम बनाई यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याई रहेको छ, यसमा संघले खुशी अनुभव गर्न पाउनु स्वाभाविक हो । हालसम्म संघबाट संचालित तालिम प्रशिक्षण कार्यबाट ५९३ जवान दक्ष जनशक्ति उत्पादन भई सकेको छ ।



विश्वको सर्वोच्च शिखर सगरमाथा तथा ८००० मिटर उच्च शिखरहरुको सफल आरोहण गर्ने पर्वतारोहीहरुलाई अभिनन्दन गर्न आयोजित समारोह

नेपाल पर्वतारोहण संघ अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ (Union of International Alpinists Association) को सदस्य हो र उक्त महासंघको वार्षिक बैठक तथा अन्य सभाहरुमा यस संघले सक्रिय रुपले भाग लिएर नेपालका हिम शिखरबारे अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराई पर्वतीय पर्यटनको विकास गराउन सक्दो प्रयास गर्दै आएको छ । अन्तर्राष्ट्रिय पर्वतारोहण महासंघ, एक्सपेडिसन कमिशनको अन्तर्राष्ट्रिय बैठक गत डिसेम्बरको पहिलो हप्तामा पोखरामा सम्पन्न भएको थियो । यस्तै नेपाल पर्वतारोहण संघ संस्थापक सदस्य भएको एशियाली अल्पाइन महासंघले दोस्रो अन्तर्राष्ट्रिय बैठक सन् १९९६ मा नेपालमा आयोजना गर्ने भएको । यस किसिमका अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुको आयोजनाबाट यस क्षेत्रका समस्याहरुको समाधान, सम्भावनाहरुको पहिचान तथा पारस्परिक समझदारी, सहयोग र मित्रताको वातावरण सृजना भई नेपालको पर्यटन विकासमा महत्वपूर्ण सहयोग पुगेको र पुग्न जाने विश्वास गर्न सकिन्छ ।

संघले नेपाली पर्वतारोहीहरुको हितका लागि पर्वतारोही कल्याण कोष स्थापना गरेको छ । पर्वतारोहणको क्रममा घाइते भएका, अंगभंग भएका पर्वतारोहीहरु र पर्वतारोहण कार्यमा संलग्न नहुँदाको अवस्थामा पनि अस्वस्थ्य हुने पर्वतारोहीहरुको औषधोपचार तथा मृत पर्वतारोहीहरुको परिवारलाई यस कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने गरिएको छ । यस्तै विदेशीहरुलाई सम्मान गर्ने क्रममा पनि संघले विश्वका विशिष्ट पर्वतारोहीहरु, पर्वतारोहण क्षेत्रमा विशेष अभिरुची राखी नेपाललाई उल्लेखनीय रुपले सहयोग प्रदान गर्नु भएका महानुभावहरुलाई नेपालमा निम्त्याई सम्मानित गर्ने गरिएको छ । संघले सगरमाथा आरोही सर एडमण्ड हिलारी, ८००० मिटरभन्दा माथिका विश्वका सबै शिखरहरु आरोहण गर्नु हुने राइन्होल्ड मेस्नर, जापानका भूतपूर्व अर्थमन्त्री रियूतारो हाशीमोतो आदिलाई नेपाल पर्वतारोहण संघको मानार्थ सदस्यता प्रदान गरि सम्मानित गरेको छ भने जापानी नागरिक श्री तादाओ कावारा आजीवन सदस्य हुनुहुन्छ ।

संघले नेपालको पर्यटनको दृष्टिले दोस्रो महत्वपूर्ण स्थल मानिने पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय स्थापना गर्न गुरु योजना तयार गर्न लागेको छ । संघले करीव १० वर्ष अगाडि श्री ५ को सरकारको सहयोगमा पोखराको रातोपैरामा एकसय रोपनी जग्गा खरीद गरेको थियो र प्रस्तावित पर्वतीय संग्रहालयले पर्वतीय पर्यटनमा अभिरुची राख्ने पर्वतारोही, अनुसन्धानकर्ता तथा सर्वसाधारणलाई पनि पर्वतारोहण र पर्वतीय गतिविधिबारे आवश्यक जानकारी पाउन सघाउने छ ।

देशमा हिमालय आरोहणको अभियान शुरु भएको पनि चार दशक भन्दा बढी भइसकेको छ र यस बीचमा हिमाल आरोहण गतिविधिमा कैयौं विश्व कीर्तिमान स्थापित भैसकेका छन् र हुँदैछन्। वास्तवमा विदेशीहरुका लागि हिम शृंखला र आरोहण कार्यकलाप साहस प्रदर्शन गर्ने, अनुसन्धान गर्ने कार्य हो र साथै यो उनीहरुको लागि रमणीय क्रिडास्थल हो भने नेपालीहरुका लागि भने आर्थिक क्रियाकलाप बनेको छ । पर्वतारोहण क्रियाकलापलाई पेशाको रुपमा अपनाएर थुप्रैले आफ्नो जीविकोपार्जन गरि रहेका छन् तर यस क्षेत्रमा समर्पित पर्वतारोहीहरु तथा यस क्षेत्रसंग सम्बन्धित गतिविधिहरुको तथ्याँङ्क तथा जानकारीहरुको अभाव सबैले महसूस गरिरहेका छौं । यस सिलसिलामा संघले एउटा डाटा बैंकको स्थापना गरेको छ र यस बैंकले पर्वतारोहीहरुको व्यक्तिगत विवरण तथा अन्य तथ्याङ्क तयार गर्नेछ ।

हिमाली क्षेत्रमा विद्यमान प्रदूषण तथा वातावरणीय समस्यालाई दृष्टिगत गरी नेपाल पर्वतारोहण संघले त्यस क्षेत्रमा सफाई तथा वातावरण संरक्षण कार्यमा क्रियाशील छ र रहिरहनेछ । यस क्रममा संघको वातावरण संरक्षण समिति अन्तर्गत लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा शौचालय, फोहर फाल्ने स्थान, पदयात्राका मार्ग आदि निर्माण गर्न एउटा पाइलट प्रोजेक्ट संचालन गर्ने भएको छ । यी विविध गतिविधिहरुका साथै नेपाल पर्वतारोहण संघले पर्वतारोहण क्षेत्रमा लागेका समर्पित तथा साहसी पर्वतारोहीहरुको सम्मान तथा उनीहरुको हितका लागि विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । पर्यतीय पर्यटनको विकासमा श्री ५ को सरकार पर्यटन मन्त्रालयसंग ज्यादै निकट सम्बन्ध राख्दै नीति निर्माण, कार्यान्वयन पक्षमा व्यवहारिक सुझावहरु प्रदान गर्दै आएको छ । वस्तुतः पर्वतीय पर्यटनलाई कसरी अझ बढाउनेबारे यस संघले एक प्राविधिक निकायको रुपमा आफूलाई प्रस्तुत गर्दै आएको छ ।

नेपाल पर्वतारोहण संघका तर्फबाट सचिव भूमिलाल लामाद्वारा नेपाली पर्वतारोहीहरुः एक पेशा- सम्भावना र समस्या विषयक विचार गोष्ठीमा प्रस्तुत मन्तव्य

नेपाल पर्वतारोहण संघले सर्वोच्च शिखर सगरमाथाको ऐतिहासिक आरोहण दिनको सम्झना गर्दै २२ औं पर्वतारोहण संघ दिवसको उपलक्ष्यमा ८००० मिटरभन्दा अग्ला हिमशिखरका सफल आरोहीहरुको कदर गर्ने, एवं भावी पर्वतारोही पिंढीलाई अभिप्रेरित गर्ने उद्देश्यले यस संघले अभिनन्दन एवं पदक वितरण समारोहको आयोजना गरेको छ । हुन त सरसर्ति हेर्दा पर्वतारोहणलाई एक पेशाको रुपमा अपनाई आउनुभएको पेशेवर पर्वतारोहीहरुको सामाजिक प्रतिष्ठा, मान्यता, आर्थिक सुरक्षा, पेशागत सुरक्षा, सीप विकासको मौकाको अभावदेखि लिएर विभिन्न समस्या होलान् । हरेक पेशा, व्यवसायमा आफ्नै किसिमका समस्या र गुनासा हुँदैनन् भन्ने छैन ।

नेपाल पर्वतारोहण संघले विभिन्न चरणमा संशोधन गर्दै आफ्नो विधानलाई परि मार्जित गर्ने कोशिस गरेको छ । यद्यपि हालको विधानलाई अझ समयानुकूल बनाउन, परिमार्जन गर्न पर्ने आवश्यकता त छँदैछ । वर्तमान विधानमा उल्लेख भएको संघको उद्देश्यमा १५ वटा बुँदाहरुमध्ये बुदा ४ (घ) मा पेशेवर पर्वतारोहीहरु र पर्वतारोहण पेशामा लाग्ने व्यक्तिहरुको हित सम्बन्धी कार्यमा सहयोग गर्ने र बुँदा ४(ङ) मा पर्वतारोहण शीप र दक्षताको बिकास गर्ने भन्ने उद्देश्य स्पस्टसंग उल्लेख भएको छ भने यही उद्देश्यहरु परिपूर्तितर्फ उन्मुख कार्यक्रमहरु तय गरिएको पाइन्छ । उक्त उद्देश्य प्राप्तितर्फ कार्यक्रमहरु संचालन गर्ने मुख्यतया संघले तीन कार्यहरु गरेको छ ।

(१) पर्वतारोहण प्रशिक्षण स्कूल र दक्ष जनशक्ति

नेपाली पर्वतारोहीहरुले केवल अनुभव र भौगोलिक अवस्थितिको अनुकूलताकै कारण यस पेशामा सम्मिलित भई सफलता पाएको हामी पाउँछौं । विधिवत प्रशिक्षण एवं तालिमको अभावमा हाम्रा कतिपय पर्वतारोही पेशेवर दाजुभाइहरु असमयमै कालकवलित पनि हुन पुगेका छन् । यसै वास्तविकता र अनुभवलाई ध्यानमा राखी संघले एक पर्वतारोहण प्रशिक्षण स्कूलको आवश्यकता महसूस गरी तत्कालीन युगोस्लाभिया हालको स्लोभेनियाको प्राविधिक एवं केही आर्थिक सहयोगमा संघको लगानीमा सन् १९७९ मा मनाङको हुम्देमा एक पर्वतारोहण प्रशिक्षण स्कूल स्थापना गरेको थियो जो हाम्री पेशेवरहको माझ मनाङ पर्वतारोहण स्कूलको नामले परिचित छ । यस प्रशिक्षण केन्द्रमा आधारभूत र उच्च पर्वतारोहण तालीम संचालन गरिदै आएको विदितै छ ।

उक्त तालिम संचालन पूर्व युगोस्लाभिया हालको स्लोभेनियाली पर्वतारोहण संघको प्राविधिक सहयोगबाट संचालित छ भने सम्पूर्ण आर्थिक व्ययभार संघले व्यहोर्दै आएको छ । एकातिर यस्तो लगानीको मुख्य उद्देश्य पेशेवर आरोहीहरुको आरोहण कार्यमा सन्निहित जोखिमको तत्वलाई न्यून पार्नु हो भने अर्कोतिर अत्याधुनिक आरोहण प्रविधि तथा कलाको जानकारी दिनु नै हो । आरोहण गतिविधिमा संचारको भूमिका र महत्वलाई ध्यानमा राखी गत वर्षदेखि प्रशिक्षार्थीहरुलाई वाकीटकी संचालन प्रविधिको पनि प्रशिक्षण दिन थालिएको छ ।

यस्ता आधारभूत तथा उच्च पर्वतारोहण तालिम प्रशिक्षणबाट प्रशिक्षार्थीहरुको आरोहण सीप, दक्षता एवं प्रविधि र कलाको विकासमा प्रत्यक्ष सहयोग पुगेको छ । त्यस्तै प्रतिभावान आरोहीहरुलाई संघको सिफारिशमा फ्रान्सबाट प्रशिक्षक तालिम लिन पाउनका निम्ति आवश्यक सिफारिश गर्दै आएको छ । सो सुविधा पनि संघकै सक्रियता र अनुरोधमा उपलब्ध हुन सकेको कुराको छ । यस्ता प्रशिक्षण तालिमबाट निश्चय पनि नेपाली पर्वतारोहीहरुको मनोवल उच्च भएको महसूस गर्दछौं भने संघद्वारा संचालित प्रशिक्षण तालिममा सहभागी भई तालिम प्राप्त आरोहीहरुले अन्य हिमालहरु लगायत सगरमाथाको पनि आरोहण गरिसकेको कुरा स्पष्ट छ ।

संघले पर्वतारोहण प्रशिक्षण स्कूल मनाङ स्थापना गरेपछि १३ वटा आधारभूत पर्वतारोहण तालिम, ८ वटा उच्च पर्वतारोहण तालिम, एउटा जुनियर बेसिक तालिम, एक ट्रेक टुअर लिडर तालिम संचालन गरिसकेको छ भने १४ वटा आधारभूत पर्वतारोहण तालिम प्राप्त ४३५, ८ वटा उच्च पर्वतारोहण तालिम प्राप्त १११, एक जुनियर बेसिक तालिम प्राप्त १७ र एक ट्रेक टुअर लिडर तालिम प्राप्त ३० गरी जम्मा ५९२ जनशक्तिको उत्पादन गरेको छ ।

(२) पर्वतारोहीहरुको सुविधा वृद्धि

निश्चय पनि आरोहण दलसंग संलग्न भई जादा विदेशी आरोहण दलको सफलता असफलतामा धेरै कुराले प्रभाव पार्ने भएता पनि त्यस्ता दलहरुको सफलतामा नेपाली आरोहीहरुको भूमिका ज्यादै नै महत्वपूर्ण भएको कुराको पुष्टि स्वयं स्वदेशी तथा विदेशी आरोहीहरुको भनाईहरुबाट भएको छ । यस्तो जोखिमपूर्ण काममा लागेका आरोहीहरुको तलब, ज्याला, भत्ता, बिमा रकम वृद्धि गरी समयानुकूल बनाउन नितान्त आवश्यक महसूस गरी नेपाल ट्रेकिङ एजेन्ट्स एशोसियसन र संघ बीच संयुक्त बैठक बसी आरोहीहरुको दुर्घटना बिमा रकम र संघ अन्तरगतका चुलीहरु आरोहण गर्दा नेपाली आरोहीहरुलाई कतिपय ट्रेकिङ एजेन्सीले लुगाभत्ता दिने नगरेको भन्ने विषयमाथि छलफल भई पाइआएको सुविधामा कटौती नगरी आरोहण

कार्यमा जाने आरोहीलाई घटीमा रु ७००० लुगा भत्ता वापत प्रत्येक ट्रेकिङ कम्पनीले उपलब्ध गराउनु पर्ने निर्णय गरी टान (TAAN) मार्फत सबै एजेन्सीलाई जानकारी गराई सकिएको छ । संघमा व्यवस्था भएको विभिन्न स्थायी समितिहरुमध्ये आरोहीहरुको हित र कल्याण कार्य गर्नका निमित्त गठित कल्याणकारी समितिले बिमा रकम वृद्धिको लागि सिफारिश गरिएको प्रस्तावलाई अनुमोदन गर्न टानको साधारण सभामा पेश गर्नु पर्ने भन्ने प्रस्ताव आए बमोजिम साधारण सभामा प्रस्ताव गर्न अनुरोध गर्नेछौं ।

(३) आर्थिक अनुदान तथा सहयोग

संघमा व्यवस्था भए अनुसार गठित कल्याणकारी समितिको उचित सिफारिशमा आर्थिक समस्यामा जेलिएका पर्वतारोही र निजको समुचित आर्थिक सहयोग गर्ने गरिएको छ । यस अनुरुप-

क) प्रसिद्ध आरोही स्व. श्री छोतारे शेर्पाकी धर्मपत्नीलाई रु.१५,००० आर्थिक सहायता प्रदान गरेको

ख) प्रसिद्ध आरोही स्व.सुन्दरे शेर्पाकी धर्मपत्नी मिङमा फुटी शेर्पाको नाममा रु १,००००० को बचत खाता खोली हस्तान्तरण गरेको

ग) प्रसिद्ध आरोही स्व. सोनाम छिरिङ शेर्पाकी धर्मपत्नीको नाममा रु १,५०,००० को अक्षयकोष स्थापना गरिएको छ,

घ) प्रथम नेपाली सगरमाथा आरोही महिला स्व.श्रीमती पासाङ ल्हामु शेर्पाको संझनामा स्थापना गर्न लागेको सालिक निर्माणको लागि रु ७,००,००० को आर्थिक अनुदान प्रदान गरिएको छ,

ङ) नवौं पटक बिना अक्सिजन सगरमाथा आरोहण गर्नु हुने सुप्रसिद्ध आरोही श्री आङरिता शेर्पालाई सम्मानार्थ फिल्ड डाइरेक्टर पदमा नियुक्ति दिई मासिक रु ७,००० गत बर्षदेखि नै प्रदान गर्दै आएको छ,

च) गत वर्ष १९९४ मा शरद ऋतुमा १८ घण्टाभित्र सगरमाथाको आरोहण गर्ने लक्ष्य राखी आर्थिक सहायताको लागि माग गर्नु हुने आरोही काजी शेर्पालाई संघले रु १,००,००० उपलब्ध गराएको र यस्तै धेरै हितकारी कार्यहरु गर्दै आएको छ ।

यस्तै संघ एक अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयको निर्माण कार्यको थालनीमा तदारुकताकासाथ जुटेको छ । संग्रहालयमा विख्यात नेपाली पर्वतारोहीहरुको व्यक्तिगत विवरण सुरक्षित रहनेछ र संघले सम्पूर्ण नेपाली आरोहीहरुको आरोहण कार्यलाई सूचिकृत गरी उहाँहरुको व्यक्तिगत विवरणसमेत राख्ने उद्देश्यले डाटा बैंकको स्थापना गर्ने भएको छ । यस कार्यको लागि सम्पूर्ण आरोहीहरुको सहयोगको अपेक्षा राखेका छौं । यस्ता कार्यबाट भावी पिंढीलाई हाम्रा आरोहीहरुबारे जान्न मद्दत मिल्नेछ भन्ने विश्वास छ ।

युवावस्थालाई आरोहण कार्यमा समर्पित गरेपछि वृद्धावस्थामा के गर्ने भन्ने समस्यालाई संघले सम्वेदनशील भएर अध्ययन गरेको छ । त्यस्ता आरोहीहरुलाई आरोहण कार्यमा सम्पर्क अधिकृत भई जान पाउने व्यवस्था गर्न संघले धेरै पटक औपचारिक तथा अनौपचारिक रुपमा श्री ५ को सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरेको छ ।

पश्चिमी हिमाली क्षेत्रको उपेक्षा र पूर्वी मध्य हिमाली क्षेत्रको आकर्षण ह्रासोन्मुख भएको सन्दर्भमा संघले पश्चिमी नेपालको पर्वतीय पर्यटनको दृष्टिले के कति र कसरी प्रवर्द्धन एवं विकास गर्न सकिन्छ भन्नेबारे एक अध्ययन टोली निकट भविष्यमा पठाउने भएको छ । यस क्षेत्रको विकास भएमा निश्चय पनि हाम्रा पेशेवर पर्वतारोही दाजुभाइहरुले प्रशस्त काम पाउने अवसरको श्रृजना हुनेछ । माथि उल्लेख भएका पक्षहरुबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा पर्वतारोहीहरुको कल्याण हुने छ । हुन त त्यतिले मात्र गर्व गर्न नसकिएला तर पनि संघले गर्नु पर्ने पर्वतीय संग्रहालय निर्माण, वैदेशिक सम्बन्ध बिस्तार तथा सुदृढीकरण, प्रकाशन तथा प्रचार, पर्वतीय पर्यटनको प्रवर्द्धन एवं विकास, कल्याणकारी कार्यहरु, वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुको आयोजना एवं डाटा बैंकको स्थापना, संभाव्यता अध्ययन जस्ता महत्वपूर्ण कार्यहरु गर्ने उद्देश्य राखेको हुँदा ती विविध कार्यक्रमहरु संचालन गर्न सीमित आयलाई सदुपयोग गर्दै संघले आफ्नो बहुआयामिक उद्देश्यप्राप्तिर्फ उन्मुख भई सन्तुलित एवं व्यवहारिक ढंगले अघि बढ्नु पर्ने यथार्थलाई पनि नकार्न सकिदैन ।



नेपाली सफल शिखर आरोहीहरुको वर्तमान र भविष्य

सगरमाथा आरोही आङ फुर्वा शेर्पाद्वारा 'नेपाली सफल शिखर आरोहीहरुको वर्तमान र भविष्य' विषयमा प्रस्तुत कार्यपत्रको सार संक्षेप-

नेपाल पर्वतारोहण संघले आयोजना गरेको गोष्ठीमा सफल शिखर आरोहीहरुको तर्फबाट बोल्न निम्त्याउनु भएकोमा गौरव अनुभूति भइरहेको छ । "नेपाली सफल शिखर आरोहीहरुको वर्तमान र भविष्य" का बारेमा केही कुरा राख्न पाउनुलाई मैले एउटा सुअवसरका रुपमा लिएको छु ।

जब जब हामी नेपाली आरोहीहरुको कुरा गर्छौं र उनीहरुको भविष्यका बारेमा चिन्तन गर्छौं त्यतिखेर हाम्रो अगाडि एउटा कहालीलाग्दो भविष्यको तस्वीर उभिन आइपुग्छ । नेपाली स्वाभिमानका अग्ला चुचुरा चढ्नेहरुको भविष्य दुर्घटनाग्रस्त भएर त्यतिकै तल खसेको छ । राष्ट्रको गौरवको शिखरमा पुऱ्याउनेहरुले आफू र आफ्नो परिवारलाई अहिले खोई कहाँ पुऱ्याएका छन् । त्यसको कुनै लेखाजोखा छैन ।

सफल पर्वतारोहणको इतिहास जति पुरानो छ, आरोहीहरुको समस्या पनि त्यतिकै पुरानो छ । जसको समाधान लामो समयसम्म खोजिएन । नेपालमा पर्वतारोहणको इतिहास प्रारम्भ भएको ४६ वर्ष भयो । तर आरोहीहरुको बिगतमा जुन स्थिति थियो त्यसमा सुधारको कुनै लक्षण देखिएको छैन ।

सफल आरोहीहरुको लागि उनीहरुको बाँकी जीवन निर्वाहको लागि कुनै व्यवस्था छैन । यसको लागि आरोहणमा लैजाने नेपाल पर्वतारोहण संघ र श्री ५ को सरकारको सक्रियतामा आरोहीहरुको जीवन रक्षार्थ एउटा कोषको व्यवस्था गर्नु नितान्त जरुरी छ । आङरिता शेर्पाले ९ पटकसम्म बिना अक्सिजन सगरमाथाको सफल आरोहण गर्नुभयो तर उहाँले आज खोई के पाउनु भयो ? केवल बधाई बाहेक । आङरिता जस्ता हिम सरदारलाई आज हामीले खोज्नु पऱ्यो भने असनको कुनै गल्ली चाहानु पर्ने हुन्छ । त्यस्तै आपा शेर्पाले ७ पटक, लाक्पा नुरुले छैठौ पटक, सोना डेन्डु र नीमा दोर्जीले पाँचौ पटक, दोर्जे शेर्पा र दावा तासीले चार, चार पटक सगरमाथाको सफल आरोहण गरिसक्नु भएको छ । पाँचपटकसम्म सगरमाथा आरोहण गर्ने स्व. सुन्दरे शेर्पा र चार पटकसम्म आरोहण गर्ने स्व.सोनाम छिरिङ शेर्पाका परिवारहरुको आज दयनीय अवस्था छ । उहाँहरुका जहान परिवारको भरण पोषण र बालबच्चाको भविष्य अन्यौलग्रस्त छ । त्यसैगरी तीन, तीन पटक सगरमाथा चढ्नेहरु ९ जना, २-२ पटक चढने २४ जना र एक पटक चढ्ने ७१ जना गरी जम्मा ११३ जना नेपाली सगरमाथा आरोहीहरु र उनीहरुका परिवारहरुको भविष्यका बारेमा सम्बद्ध सबै निकायले गंभीरतापूर्वक सोच्नु जरुरी छ । आरोहीहरुका परिवारले दुःख र समस्याको कुरा लेख्ने मात्र हो भने ठूलै ग्रन्थ तयार हुने भइसक्यो । यसकारण पनि आरोहीहरु र उहाँका परिवारहरुको क्षतिका लागि एउटा कोषको स्थापना हुनु आवश्यक छ ।

सगरमाथा आरोहणको लागि जाने समूहमा श्री ५ को सरकारले सम्पर्क अधिकृत त पठाउछ, तर ती सम्पर्क अधिकृतहरुमा पर्वतारोहणको ज्ञान भन्ने निश्चितता छैन । श्री ५ को सरकारले पठाउने यस्ता सम्पर्क अधिकृतहरुमा पर्वतारोहण सम्बन्धी ज्ञान पाएका सफल आरोहीहरुलाई पठाउने व्यवस्था गरिनु पर्दछ । यसले पर्वतारोहण आरोहणलाई सुरक्षित र सजिलो बनाउँछ ।

केही वर्ष यता बिगतमाभन्दा तुलनात्मक रुपमा पर्यटकको संख्या घटेको छ । पर्यटक संख्या घट्नुको प्रत्यक्ष असर पर्वतारोहणमा पनि परेको छ । पर्वतारोहण गर्नेहरुको संख्यामा गिरावट आउनाको कारण सलामी दस्तुर बढी हुनु पनि हो । अहिले पाँच जनासम्मको सगरमाथा आरोहण पर्वतारोहण गर्ने टोलीलाई सरकारले एकुमष्ट सलामी दस्तुर लिने गरेको छ । तर यो दस्तुर आफैमा बढी छ भने अर्कोतिर दस्तुर बाहेक थप व्यक्ति पिच्छे बढ्दै जान्छ । यो प्रावधानमा परिवर्तन गरी कम्तिमा १० जनासम्मको सगरमाथा आरोही दललाई शुरुमै सहुलियतपूर्ण सलामी लिने र त्योभन्दा थप संख्यालाई थप सलामी दस्तुर लिने व्यवस्था गर्नु जरुरी छ ।

पर्वतारोहणमा संलग्न व्यक्तिहरुका लागि बीमाको अत्यन्तै न्यून रकमको व्यवस्था गरिएको छ । यो रकम भुक्तानी पाउने व्यक्तिले रकमबाट आजको महंगीलाई सामना गर्न गाह्रो छ । बीमा रकममा समयानुकूल परिवर्तन गर्नु पनि त्यतिकै आवश्यक भइसकेको छ ।

पर्वतारोहणको क्षेत्रमा हामी अझ बिकसित हुँदैछौं । हिजो पर्वतारोहण गर्न जानु भनेको जीवनसंग खेल्नु हो भन्ने सोचाइलाई प्राविधिक बिकासले परिवर्तन गरिरहेको छ । केही वर्ष यता आएर नेपाल पर्वतारोहण संघले स्थापना गरेको "पर्वतारोहण तालिम स्कूल" का कारण हामीकहाँ पर्वतारोहणका लागि दक्ष प्राविधिक जनशक्ति तयार पार्न मद्दत मिलेको छ । तर यो दक्ष प्राविधिक जनशक्तिको लागि काम र भविष्य दुबैको प्रत्याभूति हुनु जरुरी छ ।

नेपाल पर्वतारोहण संघका उपाध्यक्ष सोनाम ग्याल्जेन शेर्पाद्वारा गोष्ठीमा व्यक्त मन्तब्य

नेपाल पर्वतारोहण संघले २२ वर्षको अवधिमा प्रथम पटक आफ्नो वार्षिकोत्सव र सगरमाथा दिवस मनाउन पाएकोमा हामीलाई अत्यन्तै खुशी लागेको छ । आजको दिन विश्वमा नेपालको चिनारी दिने सगरमाथाको महिमालाई नकार्न सक्तैनौं भने विश्व कीर्तिमान कायम गर्ने साहसी आरोहीहरुको कदर नगरी रहन पनि सक्तैनौं । यसै तथ्यलाई दृष्टिगत गरी यस वर्षको बाइसौं वार्षिकोत्सवको अवसरमा सगरमाथा दिवस र बहादुर नेपाली पर्वतारोहीहरुको सम्मानमा प्रमुख आतिथ्य ग्रहण गरी दिनु भई अभिनन्दन पत्र तथा पदक प्रदान गरी दिनु भएकोमा प्रधानमन्त्रीज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दैछौं । आफ्नो कार्य व्यस्तताको वावजूद नेपाली पर्वतारोही एक पेशाः समस्या र संभावना विषयक गोष्ठीको उद्घाटन गरी दिनु भई यस अभिनन्दन समारोहमा समेत उपस्थित भइ दिनु भएकोमा पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय राज्यमन्त्रीज्यूको समुपस्थितिले हाम्रा पर्वतारोहीहरुमा हौसला एवं प्रेरणा मिल्न गएको छ साथै भावी पर्वतारोहीहरु पनि अभिप्रेरित भएका छन् ।

नेपाली पर्वतारोही– के समस्या भोग्दैछन् ?

रमेश तिवारी

सात दशक अगाडि जुन ८, १९२४ मा दुई ब्रिटीश पर्वतारोहीहरु विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न प्रयास गर्दा हिम गर्भमा बेपत्ता भए । जर्ज म्यालोरी तथा एण्डमू इर्भिनको सगरमाथा आरोहणको कथा अद्यापि रहस्यपूर्ण छ । विश्वको सर्वोच्च शिखर सगरमाथा (चोमोलोंगमा) आरोहणाको कारणवारे प्रश्न गर्दा म्यालोरीले जवाफ दिएका थिए "किनभने त्यो त्यहाँ छ" 'Because it is there !')

सगरमाथा त्यही छ, तर त्यसको आरोहणका लागि बर्षेनी ठूलो संख्यामा विश्वका विभिन्न राष्ट्रका पर्वतारोहीहरु आकर्षित हुने गरेका छन् । सने १९५३ को मे २९ मा विश्वमा पहिलोपल्ट तेन्जिंग शेर्पा तथा एडमण्ड हिलारीले सगरमाथाको सफल आरोहण गरेर विश्व कीर्तिमान स्थापित गरेपछिका ४२ बर्षका अवधिमा करीव ६ सय पर्वतारोहीहरुले सगरमाथा चुचुरोमा पदचिन्ह छाडिसकेका छन् । सगरमाथा आरोहण सिलसिलामा झण्डै डेढसय पर्वतारोहीहरुको शव हिउँ गर्भमा फसेको छ । डेढसय आरोहीले जीवन गुमाउनु परेपनि सगरमाथाको चुनौती असंख्यले पर्वतारोहीलाई लोभ्याइ राखेको छ ।

संसारको सबैभन्दा घना जनसंख्यामध्येको एक हिमालय क्षेत्रमा करीव १० करोड व्यक्ति बस्दछन् र ती हिमाली क्षेत्रमा हुने गतिविधि लाखौं स्थानीय बासिन्दाका लागि हातमुख जोर्ने प्रमुख क्षेत्र बनेको छ । करीब २५०० किलोमिटर भूभागमा फैलिएको हिमालयले आठ राष्ट्रहरु म्यान्मार, बंगलादेश, चीन, भूटान, भारत, नेपाल, पाकिस्तान र अफगानिस्तानका क्षेत्रलाई समेटेको छ । नेपालमा ६ हजार मिटर माथिका १३१० पर्वत टाकुरा छन् । विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ हिमशिखर मध्ये आठवटा- सगरमाथा, कंचनजंघा, ल्होत्से, चो ओयु, धौलागिरी, मनास्लु र अन्नपूर्ण नेपालमा छन् । बाँकी ६ वटा के २, नंगा पर्वत, गासेरब्रुम-१, ब्रोड पिक, गासेरब्रुम-२ र सिसा पांग्मा चीन र काराकोरम क्षेत्रमा ।

"हिउँका बाघ" उपनामबाट परिचित खुम्बु क्षेत्रका विश्व विख्यात शेर्पा (सन् १९२४ को आरोहण अभियानमा सबैभन्दा उत्कृष्ट शेर्पा सरदारलाई "बाघ" (टाइगर नामाकरण गरिएको थियो) हरुले सन् १९५३-१९९४ का अवधिमा पर्वतारोहणको इतिहासमा आफ्नो नाम स्वर्णाक्षरमा अंकित गरेका छन् । सगरमाथाको पहिलो आरोहणको १२ बर्ष पछि अर्थात् सन् १९६५ को मे २९ मा फु दोर्जीले पहिलो नेपालीका रुपमा सगरमाथा चुचुरोमा पुगेपछि विभिन्न नेपाली पर्वतारोहीहरुले प्राप्त गरेका सफलता युवा आरोहीहरुका लागि प्रेरणाको स्रोत रहिआएको छ ।

हालसम्म नेपाल र तिब्बत क्षेत्र दुबैबाट नेपालका आङरिता शेर्पाले बिना अक्सिजन ९ पटक, आपा शेर्पाले ७ पटक, लाक्पा नुरुले ६ पटक, सोना डेन्डु र नीमा दोर्जीले पाँच पटक, दोर्जे शेर्पा र दावा तासीले चार पटक तथा ९ जनाले तीन तीन पटक, २४ जनाले दुई दुई पटक तथा ७९ जनाले एक पटकसमेत १२१ नेपाली पर्वतारोहीहरुले सगरमाथाको सफल आरोहण गरिसकेका छन् ।

परिवारको आर्थिक संकट, बाल्यावस्थामा शिक्षाको उज्यालो र जीवनका न्यूनतम आधारभूत आवश्यकताहरुबाट बन्चित रहेर बिदेशी पर्वतारोहण टोलीमा कुल्ली र भरियाको जीवन निर्वाह गरेका शेर्पाहरुले विश्व मानचित्रमा नेपाललाई "सगरमाथाको देश" का रुपमा चिनाउन पुऱ्याएका योगदान अविस्मरणीय छ । यी पर्वतारोहीहरुले देशको गौरव र प्रतिष्ठा बढाउन आफ्नो जीवन बाजी लगाए पनि अधिकांश पर्वतारोहीहरुको दु:खका कथा र व्यथा अनगिन्ती छन् । अक्सिजन बिना नौ पटक सगरमाथाको सफल आरोहण गर्ने ४७ बर्षीय आङरिता शेर्पा काठमाडौंको ज्याठास्थित सानो कोठामा बसेर जीवन गुजारा गरिरहेका छन् । स्वर्गीय सुन्दरे शेर्पा तथा स्व. सोनाम छिरिङ शेर्पाले हिमाल आरोहण कीर्ति त राखे, तर सुन्दरे र सोनाम लगायत असंख्य पर्वतारोहीहरु र तिनका परिवारको न त सुखद वर्तमान छ , न त सुनिश्चित भविष्य नै । असंख्य पर्वतारोही र तिनका परिवार गरीबी, अशिक्षा,


आङरिता शेर्पा



जन्म मिति : १९४७
स्थान: सन् थामे, सोलुखुम्बु, नेपाल
परिवार : पत्नी, तीन छोरा, एक छोरी
शिक्षा : साक्षर
बिदेश भ्रमण : स्पेन, बेल्जियम, चिले, अमेरिका र भारत

पर्वतारोहण शुरु : १९ बर्षको उमेरमा 'पोर्टरको रुपमा
पहिलो सगरमाथा आरोहण : सन् १९८३, मे ७
भाषा : नेपाली, शेर्पा, स्पेनिश र अंग्रेजी
बिभूषण पदक : गोरखा दक्षिण बाहु (प्रथम), त्रिशक्तिपट्ट (प्रथम)
हिमाल आरोहण : धौलागिरी (चार पटक), कन्चनजंघा (१ पल्ट), चोयु (३ पल्ट), सगरमाथा (९)
लक्ष्य : "दश पटक सगरमाथा चढेर थकाई मार्नेछु । पछि नेपाल सरकारले' सहयोग गरेमा खुम्बुमा पर्वतारोहण स्कूल खोल्ने विचार छ ।"

आपा शेर्पा



जन्ममिति : सन् १९५८
स्थान: : थामे, नाम्चे गाबिस
परिवार : श्रीमती यांग्जी शेर्पा, २ छोरा २ छोरी
शिक्षा : चार कक्षा
पर्वतारोहण शुरु : सन् १९८७

पहिलो सगरमाथा आरोहण : सन् १९९०, मे १०
पछिल्लो सगरमाथा आरोहण : सन् १९९५, मे १५ (सातौं पटक)
भाषा : नेपाली र अंग्रेजी
हिमाल आरोहण : अन्नपूर्ण, धौलागिरी प्रथम, चोयू र सगरमाथा
लक्ष्य : अझै पाँच छ पटक सगरमाथा चढने विचार छ ।

स्वास्थ्योपचारको अभाव तथा सामान्य आवश्यकता पूरा गर्न नसक्दा निराश जीवन बिताउन विवश र बाध्य छन् ।

"हिमालयका रत्नहरुले" इतिहास निर्माण गरेका छन्, तर उनीहरुलाई सम्मानपूर्ण जीवन बिताउने सन्दर्भमा राष्ट्रले केही गर्न सकेको छैन । अधिकांश शेर्पा र पर्वतारोहीहरुले आरोहण अभियानमा केही महिना बिताएपछि त्यसैबाट प्राप्त आम्दानीले बर्षभरि जीवन गुजारा गर्नुपर्ने स्थिति छ । पाँचपल्ट सगरमाथाको सफल आरोहण गर्ने सुन्दरे शेर्पा निराश भएको कारण बिहानदेखि नै मद्यपान गरी आनन्द लिन रुचाउँथे । सुन्दरेको खोलामा खसेर जीवन लीला समाप्त भएको बताइए पनि कतिपय सुन्दरेले आत्महत्या गरेकोमा विश्वस्त छन् । सगरमाथा आरोहण गर्ने प्रथम नेपाली महिला पासाङ ल्हामु शेर्पासंगै पाँचौपल्ट सगरमाथा चुचुरोमा पुगने स्व.सोनाम छिरिङ शेर्पा अप्रिल २२, १९९३ पछि हिमगर्भमा बेपत्ता छन्, उनको खोजी गर्ने जागरुकता कसैमा देखापरेको छैन ।

बिभिन्न समस्यामा जेलिएका पर्वतारोही र तिनका परिवारलाई आर्थिक सहयोग उपलब्ध गराउने क्रममा नेपाल पर्वतारोहण संघले स्व. छोतारे शेर्पाकी पत्नीलाई रु१५ हजार, स्व. सुन्दरेकी पत्नी मिङमा फुटी शेर्पाको नाममा रु १ लाख, स्व.सोनाम छिरिंग शेर्पाको परिवारलाई डेढलाख उपलब्ध गराएको छ । विश्वविख्यात पर्वतारोही आङरिता शेर्पाले नेपाल पर्वतारोहण संघबाट सम्मानार्थ फिल्ड डाइरेक्टरका रुपमा मासिक रु सात हजार तथा एसिएन ट्रेकिंगबाट मासिक करीव रु पाँच हजार पाउँछन् । तर यसबाट हिउँ चितुवा आङरिता घर खर्च चलाउन सक्ने स्थितिमा छैनन् । भारत, न्यूजिल्याण्ड, स्वीटजरल्याण्ड र अमेरिका लगायतका राष्ट्रले आंगरिताको स्थायी बसोबासको व्यवस्थाका लागि आमन्त्रित गर्दै आए पनि उनको अठोट छ- " मैले दु:ख सहनु परे पनि आफ्नो देश छाडेर अर्काको देशमा जान्न ।" आंगरिता नेपालमै नेपाली भएर बाँच्न चाहन्छन्, तर देशले उनको उचित सम्मान गर्न सकेको छैन । मात्र आश्वासन बाहेक ।

ख्यातिप्राप्त पर्वतारोहीहरुको आफ्नै पीडा छन् । यस वर्ष सगरमाथा दिवसका अवसरमा पर्वतारोहण संघले ४२ वर्षमा पहिलोपल्ट सगरमाथा तथा ८००० मिटर उच्च हिमशिखरहरुको सफल आरोहण गर्ने पर्वतारोहीको अभिनन्दन गरेको छ । तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीद्वारा सगरमाथा दिवस २९ मे (१९९५) मा अभिनन्दित तथा स्वर्णपदक हासिल गर्ने एक सय भन्दा बढी आरोहीहरुको पहिलोपल्ट सम्मान गरिएपनि त्यो मात्र पर्याप्त छैन । आंगरिताको शोभायात्राले मात्र हिंउ चितुवालाई सन्तुष्ट पार्न नसक्ने हुनाले आंगरितालाई आवास व्यवस्था उपलब्ध गराउन जनस्तरबाट प्रयास थालिएको छ । बाल्यकालमा अनाथ बन्न पुगेका तथा घरमा दाजुभाइ, दिदी बहिनी कोही नभएका एवं नून व्यापारी र चौरी गोठालाका रुपमा बाल्यकाल बिताएका आंगरिताले आफ्नो जीवन पर्वतारोहणमा मात्र समर्पित गरेका छैनन्, आफ्ना दुई तन्नेरी छोरालाई समेत आरोहणतर्फ सक्रिय पार्न प्रेरित गरेका छन् ।

आंगरिता जस्तो आपा शेर्पा आफ्नो छोराछोरीलाई पर्वतारोही बनाउन चाहन्नन्, पढाइमा लगाउन इच्छुक छन् । आपा भन्छन्, "पर्वतारोहीहरुको लागि सरकारले केही गरेको छैन, पछि केही गर्ला जस्तो लागेको छ, म कसैले बाहिर बोलाए पनि देश छाडेर जान्न, आफ्नो देशको इज्जत बढाउन लागिरहनेछु, अझै ५, ६ पल्ट सगरमाथा चढने मेरो इच्छा छ ।"

आङरिता लगायत पर्वतारोहीहरुको समस्यालाई दृष्टिगत गरी सरकारले पर्वतारोही हित निम्ति केही कदम चाल्न थालेको छ । यसै क्रममा श्री ५ को सरकारले गत साउन ३१ गते बिना अक्सिजन नौ पटक सगरमाथा आरोहण गरी विश्व कीर्तिमान स्थापित गर्ने आङरितालाई रु. पाँच लाख तथा प्रशंसाद्वारा सम्मानित गरेको छ । जीवनभर पर्वतारोहणमा समर्पित भएर राष्ट्रको कीर्ति व्यापक पार्न योगदान पुऱ्याउने आङरिता जस्ता हिम चितुवाको घरबार र जीविकोपार्जनका लागि पांचलाख रुपियां केही होइन, तर यस प्रकारका गतिबिधि अगाडि बढाइएमा पर्वतारोही कालान्तरमा लाभान्वित हुन सक्नेछन् ।

अन्तर्वार्ता

हिउं चितुवा आंगरिता भन्छन्

नवौं पटक सफलता प्राप्त गर्दा कस्तो लाग्यो ?

आफ्ना समस्या यथावत रहेपनि तिब्बततर्फबाट चुचुरोमा पुग्दा खुशी लाग्यो । पछिल्लोपटक नर्थ ओसेतियन (रुसी) एक्सपेडिसन एभरेस्ट - १९९५ टोलीमा सामेल भई त्यस टोलीमा अन्य तीन सदस्य सहित मे ११, १९९५ मा चुचुरोमा पुगेको थिए ।

अझै सगरमाथा चढने विचार छ ?

अझ एकपल्ट चढने विचारमा छु, त्यसपछि उमेरपनि ढल्कने हुनाले थकाइ मार्नेछु ।

तपाईलाई अरु देशले निम्तो दिएका छन्, जानु हुन्छ ?

जति दु:ख परेपनि म आफ्नो देश छाडेर अर्काको देशमा जान्न । मेरो समस्या छ भन्दैमा देश छाडेर किन जाने ?

पछि के गर्ने विचार छ ?

पछि सरकार र पर्वतारोहण संघले सहयोग गरेमा खुम्बुमा पर्वतारोहीका लागि स्कूल खोल्ने विचार छ ।

नेपाल भन्दा तिब्बततर्फ पर्वतारोही बढी जाँदै छन्, कस्तो लागछ ?

चोमोलोंग्मा तिब्बतबाट चढने आकर्षण बढेको छ, तिब्बतबाट चढदा रायल्टी कम छ, पर्मिट लिन सजिलो छ । नेपालले रोयल्टी बढाएकोले पर्वतारोही उता लागेका हुन्, रायल्टी घटाउनु पर्छ ।

सगरमाथा चढदा नेपालमा ५० हजार अमेरिकी डलर रायल्टी तिनुपर्ने तर तिब्बततर्फ ५।६ हजार डलर मात्र भएकोले उता आकर्षित भएका हुन्, रायल्टी घटाउनु पर्छ ।

सगरमाथा चढदा कुन बाटो गाह्रो छ, नेपाल कि तिब्बत ?

- हिमालको कुनै ठेगान हुँदैन, हिमाल चढ्दा एउटै हो । कुनैपनि बेला मौसमको कारण जे पनि हुन सक्छ, तिब्बतमा 'बेस क्याम्पसम्म मोटर जान सक्छ, तर त्यसपछि हिउँले समस्या पार्छ ।

देउता मान्नु हुन्छ ?


हामी बिहानै उठेर देउतालाई पूजा गर्छौं र आशिर्वाद लिन्छौं, आर्शिवाद लिएपछि डराउनु पर्दैन र सबै काममा सफल भइन्छ ।

सगरमाथामा फोहर मैला कति छ ?

पहिले पहिले सगरमाथा फोहर मैला थुप्रिदां कसैले 'केयर' गरेन । नयाँ नियम बनाएपछि यसमा सुधार देखिएको छ, त्यसपल्ट हाम्रो टोलीले पनि माथिको फोहर मैला तलसम्म ल्यायो ।

तपाईलाई बिदेशी पर्वतारोहीले खुबै सहयोग गरेका छन्, हैन ?

सबै, मलाई त्यस्तो सहयोग कसैले गरेको छैन, बिदेशी टोली पनि सबै धनी हुँदैनन्, पैसा उठाएर सगरमाथा चढन आउंछन् । देशमा त सगरमाथा चढे पिच्छे सहयोग गर्छु भन्छन्, तर खास केही सहयोग पाएको छैन । आफ्नो स्थिति जस्ताको तस्तै छ, परिवारको गुजारा गर्न गाह्रो छ, एक वर्षमा आधा समय गुजारा गर्न मुश्किल पर्छ, हाम्रो समस्या कसले सुनिदिने ?



बाइसौं नेपाल पर्वतारोहण संघ दिवस आयोजक समिति

सोनाम ग्याल्जेन शेर्पा	अध्यक्ष	द्वितीय उपाध्यक्ष
भूमिलाल लामा	सचिव	सचिव
आङ जे.पी. लामा	सहसचिव	सहसचिव
टाशी जाङबु शेर्पा	सदस्य	कोषाध्यक्ष
वसन्त थापा	सदस्य	का.स. सदस्य
सन्त सुब्बा	"	"
मिङमा दोर्जे शेर्पा	"	"
ल्हाक्पा दोर्जी शेर्पा	"	"
आङ फुरी शेर्पा	"	"
दोर्जी सुशिल शेर्पा	"	सा. सदस्य
दोर्जी जाङबु शेर्पा	"	"
शम्भु तामाङ	"	"
भरत प्रसाद पराजुली	"	"
विक्रम पाण्डे	"	"
दिनेश गुरुङ	"	"
लामा पासाङ शेर्पा	"	"
जल कृष्ण श्रेष्ठ	"	"
विश्वजीत किराँती	"	"
विक्रम न्यौपाने	"	"
हरीवँश किराँत	"	"
डा. मधुसुदन शर्मा	"	"
रमेश तिवारी	"	"
चेतनारायण खरेल	"	"
जे.वी. सिंह	"	अध्यक्ष TAAN
नवराज अधिकारी	प्रतिनिधि	PLMF
इन्दुल के.सी.	प्रतिनिधि	MOTCA
रुद्रप्रसाद पन्त	"	अध्यक्ष HRA

नेपाल पर्वतारोहण संघ दिवस मनाउन गठित विभिन्न उपसमितिहरू

(क) कार्यक्रम समिति

संयोजक-	भरतप्रसाद पराजुली
सदस्य-	शम्भु तामाङ
सदस्य-	ल्हाक्पा दोर्जी शेर्पा
सदस्य-	दोर्जी सुशिल शेर्पा
सदस्य-	जलकृष्ण श्रेष्ठ

(ख) प्रचार-प्रसार समिति

संयोजक-	रमेश तिवारी
सदस्य-	मधु सूदन शर्मा
सदस्य-	नवराज अधिकारी
सदस्य-	सन्त कुमार सुब्बा
सदस्य-	जे.वी. सिंह

(ग) गोष्ठी तथा सेमिनार समिति

संयोजक-	लामा पासाङ शेर्पा
सदस्य-	इन्दूल के.सी.
सदस्य-	विश्वजित किराँती
सदस्य-	रुद्रप्रसाद पन्त
सदस्य-	वसन्त थापा

(घ) आर्थिक समिति

संयोजक-	टाशी जाङबु शेर्मा
सदस्य-	विक्रम पाण्डे
सदस्य-	दिनेश गुरुङ
सदस्य-	मिङमा दोर्जी शेर्पा

सगरमाथा कसरी पत्ता लाग्यो ?

रमेश खड्का

नेपाल वास्तवमा हिमालकै देश भनेर संसारमा चिनिन्छ । विश्वको सर्वोच्च हिमाल सगरमाथा र विश्वका १४ अग्ला हिमालहरु मध्ये आठवटा हिमाल नेपालमै हुनुको कारण पनि नेपाल र हिमालको एउटा आकर्षक सम्बन्ध छ । त्यसैले पनि सगरमाथाका बारे केही कुरा खोतल्नु आवश्यक हुन्छ । सगरमाथाको पहिचान यसरी खोजी गर्ने हो भने यसको इतिहास समेत साह्रै लामो भेट्टिइदैन ।

सगरमाथा सन् १८४९ अगाडि सबैभन्दा अग्लो शिखर भनेर चिनिदैनथ्यो । त्यतिबेलासम्म हिमालय अर्थात कन्चनजंघालाई नै विश्वको सर्वोच्च शिखर मानिन्थ्यो । सन् १८४९ देखि १८५५ सम्मको ६ वर्षको अवधि लगाएर ब्रिटिश-भारत सरकारले नापी गरी त्यसलाई रोमन अंकको नाम प्रदान गरेको थियो । सगरमाथाको रोमन अंक पिक पन्ध्रौं (XV) थियो ।

सन् १८५२ मा ब्रिटिश भारत सरकारका सर्भेयर रंधानाथ सिकंधर भन्ने एक बंगालीले पीक पन्ध्रौ समूह सतहबाट २९००२ फिट अग्लो भएकोले यो नै विश्वको सर्वोच्च शिखर हो भनी दावी गरेका थिए । पछि १८५५ मा नापी भएका सबै चुलीहरुको उचाईको मूल्यांकन र ठीक गणना गरी यसै चुलीलाई विश्वको सर्वोच्च शिखर हो भनी ब्रिटिश-भारत सरकारको नापी विभागले स्वीकार गऱ्यो ।

विश्वको सर्वोच्च शिखर पत्ता लागेपछि यसको नामाकरण गर्नेबारे तछाड मछाड शुरु भयो । भारतमा रहेका अंग्रेजहरुले यस शिखरको स्थानीय नाम जे छ त्यसैको आधार मा या राधानाथ सिकधरको हाकिम (ब्रिटिस भारत सरकारका सन् १८४९ देखि १८५५ सम्म हिमालको सर्भे गराउन निर्णय दिन श्रेय पाएका पूर्व नापी महानिर्देशक सर जर्ज एभरेष्ट वा तत्कालीन भाइसरायकै नाम यस शिखरको नाम हुनुपर्छ भन्ने कुरामा व्यापक विमर्श भयो । उता वेलायतमा यस शिखरलाई तत्कालीन राजाको नाम दिनेबारे विचार गरिएको थियो । यस सम्बन्धमा १८५५ ताका नेपालमा रहेका तत्कालीन अंग्रेज र जिडेन्ट ब्रायन हड्सन संग पनि राय लिइएको थियो । उनले नयाँ पत्ता लगाएको चुली देउढुङ्गा वा भैरवनाथ भन्ने भएकोले सोही नाम हुनुपर्छ भन्ने सुझाव पनि दिएका थिए ।

सन् १८५६ मा ब्रिटिस भारतका नापी महानिर्देशक सर जर्ज कर्णेल एण्डुवागले आफूभन्दा अगाडिका नापी महानिर्देशक सर जर्ज एभरेष्टको नाम नै नयाँ चुलीको नाम हुनुपर्छ भन्ने सुझाव दिएका थिए । वेलायतमा यस विषयमा कुनै निर्णय हुन सकेन । नेपालमा त्यसबखत अंग्रेजहरु पदयात्रा गर्न आउन नपाउने भएकोले र तिब्बतबाट त्यस क्षेत्रमा जान कठिन भएकोले उनीहरुले तत्काल शिखरको स्थानीय नाम किटान गर्न सकेनन् । यसकारण १८५५ देखि १८६५ सम्मको एकदशक सम्म त्यसचुलीको कुनै नामाकरण हुन सकेन । सयौं नाममा सुझाव प्राप्त भए, छलफल भए तर निर्णय हुन भने सकेन । यसबारे तत्कालीन वेलायती संसदमा समेत छलफल भएको थियो । अन्त्यमा सन् १८६५ मा वेलायतको रोयल जोग्राफिक्स सोसाइटीबाट यस चुलीको नाम माउण्ट एभरेष्ट राख्ने निर्णय गरियो ।

सर जर्ज एभरेष्ट जन्म ४ जुलाई १७९० वेलायतको ग्रीनवीचमा भएको थियो । सन् १८०६ मा उनले पहिलो पटक भारतमा इष्ट इण्डिया कम्पनीमा जागिर खाएका थिए । पछि उनी ब्रिटिस-भारत सरकारका नापी महानिर्देशक भए र त्यसवखत उनले सम्पूर्ण हिमालयको नापी गर्ने निर्णय गरे । सन् १८४३ मा उनले नापी विभागको कार्यभार कर्णेल वागलाई सुम्पेर १८४४ मा सधैका लागि वेलायत फर्के । उनलाई सरको उपाधि १८६१ मा प्रदान गरिएको थियो, उनको मृत्यु १८६६ मा भएको थियो ।

सन् १८६५ को अन्तिर पीक पन्ध्रौं लाई माउण्ट एभरेष्ट भन्ने नामाकरण गरे पनि स्वयं जर्ज एभरेष्टले भने आफ्नो जीवनकालमा त्यो शिखरलाई देखेनन् र त्यही चुली नै विश्वको सर्वोच्च शिखर हो भन्ने कुरा पनि उनले थाहा पाएनन् ।


भारत स्वतन्त्र भएपछि सन् १९५० सगरमाथाको नाम सिकंधर शिखर हुनुपर्छ भनेर पुनः विवाद चर्काइयो । वास्तवमा सगरमाथा विश्वको सर्वोच्च शिखर हो भनी पत्ता लगाउने राधानाथ शिकंधर नै थिए । तर त्यसवेला माउन्ट एभरेष्ट नाम नै चर्चा आइसकेको थियो । यसैलाई शेर्पा र तिब्बती भाषामा चोमोलुङमा भन्न थालियो । चिनियांहरुले यसैलाई चोमलुङगमकेङग भन्न थाले । र नेपाली नाम सगरमाथा त अझ चर्चित भइसकेको थियो ।

सगरमाथा आरोहण: केही तथ्य

❑ सन् १९५३ मे २९ (२०१० साल जेठ १६ गते) का दिन तेन्जिंग शेर्पा र एडमण्ड हिलारीले सगरमाथा पहिलोपल्ट पाइताला टेकेका थिए ।

❑ सगरमाथा सबैभन्दा धेरै पटक सफल आरोहण गरी विश्व कीर्तिमान कायम राख्ने नेपालीको नाम हो । आङरिता शेर्पा । उनले ९ पटक सगरमाथा आरोहण गरिसकेका छन् ।

❑ सगरमाथा धेरैपटक आरोहण गर्ने मध्ये पाँचौं पटकसम्म आरोहण गर्ने सुन्दरे शेर्पा र सोनाम छिरिंग पनि पर्दछन् । तर सुन्दरे र



सोनाम छिरिंग दुबैको आरोहण क्रममै मृत्यु भयो ।

❑ विश्वभरका सम्पूर्ण पर्वतारोही मध्ये सबैभन्दा कम उमेरमा सगरमाथामाथि विजय प्राप्त गर्ने नेपाली शम्भु तामाङ हुन् । उनले सन् १९७३ मा १८ वर्षको उमेरमा सर्वोच्च शिखर चढेका थिए ।

❑ अमेरिकाका रिचर्ड डेनियल सगर माथा चढने सबैभन्दा वृद्धा आरोही हुन् । उनी ३० अप्रिल १९८५ मा सगरमाथा चढदा उनको उमेर ५५ वर्ष १३० दिनको थियो ।

❑ सगरमाथाको टाकुरामा पुग्ने प्रथम पत्रकार नर्वेका एशिम स्टाइन हुन् । स्टाइनले २९ अप्रिल १९८५ मा सगरमाथाको सफल आरोहण गरेका थिए । उनले सगर माथाको चुचुरोबाट चंगा उडाउने प्रयास पनि गरेका थिए तर हावाको कमीले उडाउन भने सकेनन् ।

❑ सगरमाथाको वारपार गर्ने प्रथम व्यक्ति नेपालका आङफुर्वा हुन् । आङ फुर्बाले चीन जापान-नेपाल मैत्री पर्वतारोहण दलमा सामेल भएर ५ मे १९८८ मा सगरमाथाको सफल आरोहण गरेका थिए । आङफुर्बा उत्तरी धारबाट चढेर दक्षिणी धारतिर झरेका थिए ।

❑ दक्षिण मोहडाको बाटो भएर सगरमाथा आरोहण गर्ने पोल्याण्डका आन्द्रेज चोक र जर्जी कुकुजका हुन् । दक्षिण मोहडाबाट सगरमाथा आरोहण गर्न अत्यन्त कठिन भए पनि तिनीहरुलाई १९८० मे १९ मा सफलता मिल्यो । त्यस्तै पश्चिमी मोहडाबाट सन् १९७९ मा युगोस्लोभियाको दल, उत्तरी मोहडाबाट सन् १९६० मा चिनियां पर्वतारोहण दल, तिब्बतीक्षेत्रबाट १९८० मा जापानी पर्वतारोहण दललाई पहिलो पटक सगरमाथा आरोहण गर्ने अवसर मिलेको थियो ।

❑ सन् १९९२ मे १३ (३१ वैशाख २०४९) मा एकैदिनमा विभिन्न मुलुकका ३२ जनाले सगरमाथा आरोहण गरेर रेकर्ड स्थापना गरे, जसमा दुई विदेशी महिला पनि थिए ।

❑ जापानी महिला जुन्को तावेई १९७५ मे १६ मा सगरमाथामा पाइला टेकेर प्रथम सफल महिला पर्वतारोही बनेकी थिइन् ।

❑ सगरमाथा आरोहण गर्न प्रथम नेपाली महिला पासाङ ल्हामु शेर्पा हुन् सथरमाथा आरोहण गरेर, फर्कदा उनले मृत्युको शिकार हुनु पऱ्यो । उनीसंग पांचौ पटकसम्म सगरमाथा आरोहण गर्ने सोनाम छिरिंग शेर्पा पनि बेपत्ता भएका थिए । उनको चाहिं अहिले पनि कुनै अत्तोपत्तो छैन ।

❑ हिउंद मौसममा सगरमाथा चढने पहिलो नेपाली डावाङ योन्देन शेर्पा हुन् । उनले २०४१ साल पुस १ गते पहिलो पटक सगरमाथा चढेका थिए ।

❑ हिमाल आरोहणको ड्रेस भन्दा बेग्लै शेर्पाहरुको पौराणिक कपडा वख्खु लगाएर सगरमाथा आरोहण गर्ने नेपाली लोप्साङ जाङबु शेर्पा हुन् । उनले गत वर्ष दोस्रो पटक सगरमाथा चढेका थिए ।

सगरमाथा आरोही आङरिता शेर्पा पुरस्कृत

नवौं पटकसम्म सगरमाथा आरोहण गर्न सफल विश्वविख्यात पर्वतारोही आङरिता शेर्पालाई श्री ५ को सरकारले पाँच लाख रुपिया नगद पुरस्कार तथा प्रशंसा पत्र प्रदान गरेको छ । उक्त पुरस्कार साउन ३१ गते काठमाडौंमा एक समारोहबीच तत्कालीन उद्योग, वाणिज्य र पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भीमबहादुर रावलले प्रदान गर्नुभयो ।

छयालीस वर्षीय पर्वतारोही आङरिता शेर्पाले १४ पटकसम्म धौलागिरी, चोयू, कञ्चनजङ्गा जस्ता हिमालहरु सफल आरोहण गरी सक्नुभएको छ । अझै पाँच-छ वर्षसम्म हिमाल चढ्ने अठोट गर्ने आङरिता शेर्पाले यस किसिमको पुरस्कारले आफूलाई अझ बढी हौसला मिलेको बताउनुभएको छ । यस किसिमको अभिनन्दन समारोहबाट आफूलाई मात्र कदर गरेको नभई सम्पूर्ण पर्वतारोहीको सम्मान हुन गएको कुरा श्री शेर्पाले बताउनुभयो । प्राप्त पुरस्कार रकम के काममा प्रयोग गर्ने विचार गरिएको छ भनी सोधिएको प्रश्नको उत्तरमा श्री शेर्पाले यस किसिमको रकमबाट आफूले एउटा घडेरी किन्ने विचार गरेको प्रसंग समेत उल्लेख गर्नुभयो ।

समारोहमा बोल्नुहुँदै तत्कालीन उद्योग, वाणिज्य र पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भीम रावलले देशको गौरव बढाउने साहसी पुरुषलाई पुरस्कार दिएर भावी सन्ततिलाई उत्साह मिल्ने विचार व्यक्त गर्नुभयो ।

सभापतिको आसनबाट तत्कालीन सूचना तथा संचार र जलस्रोत मन्त्री प्रदीप नेपालले- हामीले पर्वतारोहीलाई सम्मानित गर्ने प्रयास गरेको चर्चा गर्दै देशमा प्रतिभाहरु हराउँदै गएका र तिनलाई पनि सम्मान दिने जिम्मेवारी सरकारको काँधमा आएको छ भन्ने धारणा व्यक्त गर्नुभयो ।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै पर्यटन तथा नगारिक उड्डयन मन्त्रालयका का.मु. सचिव खगेन्द्र बस्नेतले यस किसिमको पुरस्कारबाट भविष्यमा अरुलाई पनि देशको गरिमा राख्ने काममा हौसला मिल्ने विचार व्यक्त गर्नुभयो ।

विदेशमा पर्वतारोहण प्रमण्डल

* नेपाल पर्वतारोहण संघका कोषाध्यक्ष सन्तकुमार सुब्बा तथा कार्यसमिति सदस्य ल्हाक्पा सोनाम शेर्पा सन् १९९५ को मे १९ देखि २३ सम्म जर्मनीको फ्लिनदेलांग तथा स्विजरल्याण्डको ला प्लानियाज सम्पन्न UIAA Council Meeting तथा एक्सपेडिसन कमिशनको बैठकमा संघका तर्फबाट सहभागी हुनुभयो ।

* नेपाल पर्वतारोहण संघका कार्यसमिति सदस्य बसन्त थापा तथा पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्वतारोहण शाखाका तत्कालीन शाखा अधिकृत पदम केसीले चीन तिब्बत पर्वतारोहण संघको निमन्त्रणामा सन् १९९५ मे को तेस्रो सप्ताहमा ल्हासामा सम्पन्न अन्तर्राष्ट्रिय गोष्ठीमा भाग लिनुभयो ।

* नेपाल पर्वतारोहण संघका प्रथम उपाध्यक्ष डा. रमेशराज कुंवर एवं पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पर्वतारोहण शाखाका तत्कालीन प्रमुख इन्दुल केसी सन् १९९५ फ्रेबुअरी १०-१२ मा भारतको नयाँदिल्लीमा सम्पन्न "International Himalayan Environment Programme and Action Project Conference– 1995" मा सहभागी हुनुभयो ।

यी भेलामा नेपाल पर्वतारोहण संघको प्रतिनिधिमण्डल तथा स्थानीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संघहरुका प्रतिनिधिहरुबीच द्विपक्षीय तथा आपसी हितका विषयमा विचार विमर्श भएको थियो ।

यस्तै पाकिस्तान अल्पाइन क्लबका वरिष्ठ उपाध्यक्ष दाउद बेग हाल काठमाडौंको भ्रमणमा रहनु हुँदा नेपाल पर्वतारोहण संघले उहाँको स्वागत गर्नुका साथै दुबैपक्षबीच सौहार्दपूर्ण वार्ता भएको थियो ।

दुई धावक जापान जाने

Mt. Hiba Skyline Race, Hiroshima जापानको आयोजनामा आगामी अक्टोबर २२, १९९५ मा Mountain District Running International Race– 1995 हुने भएको छ । प्रत्येक बर्ष संचालन गरिदै आएको उक्त दौडमा भाग लिन यस संघको तर्फबाट दुई धावकहरु पठाउन अनुरोध भएकोले यस संघका सहयोगी सदस्यहरु एजेन्सीहरुमा कार्यरत स्वस्थ्य एवं तन्दुरुस्त धावकहरुको छनौट दौड प्रतियोगिता गत भदौ ९ गते सम्पन्न भयो । उक्त दौडमा उत्कृष्ट स्थान पाउने दुई धावकहरु दगबहादुर मगर र श्रीमती आङदामु शेर्पा जापानको प्रतियोगिताको लागि छनौट भएका छन् ।

यस किसिमको प्रतियोगिताले यस पेशामा लागेका पेशेवरहरुको मनोवैज्ञानिक सन्तुष्टि एवं मनोबलको विकास हुनुका साथै आत्मनिर्भरता बढ्न जाने कुरामा संघ विश्वस्त छ । उक्त दौडमा ३७ पुरुष तथा ३ महिलासहित जम्मा धावकसंख्या ४० जनाको नामावली प्रकाशित भएकोमा जम्मा २ महिला २९ पुरुष धावकहरुले भाग लिएका थिए । पुरुषतर्फ खुम्विइला ट्रेकिंग (प्रा) लि.का दगबहादुर मगरले १ घण्टा २२ मिनेट ३१ सेकेण्डमा र महिलातर्फ सुन्दर हिमाली ट्रेक (प्रा) लि. की श्रीमती आङदामु शेर्पाले १ घण्टा ४९ मिनेट ११ सेकेण्डमा उक्त दौड पूरा गरी प्रथम घोषित गरिएको थियो । दौडमा उत्कृष्ट स्थान ल्याउने र सहभागी धावकहरुलाई संघका द्वितीय उपाध्यक्ष सोनाम ग्याल्जेन शेर्पाले प्रमाणपत्र वितरण गर्नु भएको थियो भने सचिव भूमिलाल लामाले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । दौड बालाजुस्थित नागार्जुन शाही वन आर क्षणको प्रवेशद्वारदेखि जामाचोको शिखरसम्म १६ कि.मी.को कच्ची मोटर बाटोमा संचालन गरिएको थियो ।

उक्त दौडमा मानव उद्धार सेवा समिति, किम्डोलले निःशुल्क एम्बुलेन्स एवं औषधोपचार सेवाको व्यवस्था गरिदिएको थियो । उक्त समितिले पुरुषतर्फ दोश्रो हुनेलाई माउण्टेन वाइक एक थान तथा न्यू स्पार्क स्पेयर स्टोरका राजु डंगोलबाट उक्त साइकलको स्पेयर पार्टसहरु प्रदान गर्ने जानकारी गराउनु भएको थियो । पुरुषतर्फ प्रथम, दोस्रा र तेस्राका साथै महिला सहभागी दुईजनालाई मानव उद्धार सेवा समितिका अध्यक्ष राधेकृष्ण श्रेष्ठले टी सर्ट प्रदान गर्नु भएको थियो । उक्त समारोहमा गीतकार बालकृष्ण सजिवले सम्पूर्ण सहभागी धावकहरुको सफलताको लागि शुभकामना व्यक्त गर्नुभएको थियो ।

गोसाइकुण्ड सफाई सम्पन्न

हिन्दू तथा बौद्ध धर्मावलम्वीहरुको अनुपम तीर्थस्थल गोसाइकुण्डमा हरेक बर्षको जनै पूर्णिमा तथा रक्षावन्धनको अवसरमा मेला लाग्ने गर्दछ । यस संघको सक्रियता र नेपाल ट्रेकिंग मजदूर संघको सहभागितामा २०५२ साउन २५ गते सो मेलाको अवसर पारी गोसाईकुण्डमा सफाई कार्यक्रम संचालन गरियो । उक्त टोलीमा संघका पदाधिकारी एवं सदस्यहरु, नेपाल ट्रेकिंग मजदूर संघका पदाधिकारी तथा सदस्यहरु र भरियाहरु गरी करीव ३१ जनाको सहभागिता थियो । तीर्थयात्रीहरुको सुविधाको लागि चन्दनबारी, लौरी विनायक, गोसाइकुण्डमा अस्थायी शौचालय र फोहोर मैला फ्याँक्ने खाडल (डम्पिङ साइटहरु) आवश्यकता अनुसार निर्माण गर्नुका साथै मेला सकिए पछि पूर्ववत स्थितिमा नै राखिएको थियो ।

सोही अवसरमा धुन्चेमा साउन २७ गते सरकारी कार्यालयहरुका प्रमुखहरु, कर्मचारीहरु, शिक्षकहरु, स्थानीय होटल, लजका संचालकहरु, जनप्रतिनिधिहरु एव स्थाँनीय बुद्धिजीवी, भद्रभलादमी र समाजसेवीहरुको सहभागिता संघबाट संचालन गरिने लाङटाङ क्याम्पिङ साइट निर्माण परियोजनाको चिनारी र वातावरण संरक्षण विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा संघका तर्फबाट संघका वातावरण संरक्षण समितिका संयोजक जे.बी.सिंह, वातावरणविद् डा.महेन्द्र गिरी र रविचन्द्र हमालले भाग लिनु भयो । उक्त अवसरमा हिमालय उद्धार संघबाट संचालित स्वास्थ्य शिविरमा बिरामीहरुको लागि आश्रयस्थलको यथोचित व्यवस्था पनि नेपाल पर्वतारोहण संघले गरेको थियो ।

पर्वतारोहण आधारभूत तालीम

प्रत्येक बर्ष संचालन गरिदै आएको पर्वतारोहण सम्वन्धी आधारभूत तालीम यस बर्ष पनि सफलताका साथ सम्पन्न भएको छ । २०५२ वैशाख २ गतेदेखि असार १ गतेसम्म काठमाडौं र मनाङमा संचालन गरिएको उक्त प्रशिक्षणमा ३२ प्रशिक्षार्थीहरु सम्मिलित भएका थिए । नेपाल पर्वतारोहण संघ र अल्पाइन एशोशिएनसन अफ स्लोभेनियाको संयुक्त तत्वावधानमा संचालित उक्त तालिमको प्रशिक्षण गर्न नेपाली तीन, स्लोभेनियाका पाँच प्रशिक्षकहरुको प्रशिक्षण कार्यमा सहभागिता थियो । पर्वतारोहण इतिहास, वर्तमान र भविष्यका साथै पर्वतीय पर्यटन विषयमा सैद्धान्तिक शिक्षाको साथै आरोहण सम्वन्धी प्राविधिक र व्यावहारिक तालिम दिइने उक्त प्रशिक्षण पश्चात हालसम्म जम्मा ५९३ जना दक्ष जनशक्ति तयार भएको छ । काठमाडौंको बालाजुमा रक क्लाइम्बिङ सम्वन्धी एकहप्ते तालिम दिइन्छ भने मनाङमा पदयात्रा र पर्वतारोहणका लागि आवश्यक व्यावहारिक ज्ञान दिइने गरिन्छ ।

सन् १९७९ मा पूर्व युगोस्लाभिया अन्तर गत अल्पाइन एशोशियसन अफ युगोस्लाभियाको सहयोगमा मनाङको हुम्रेमा मनाङ पर्वतारोहण स्कूलको निर्माण गरिएको थियो । हाल पूर्व युगोस्लाभियाको स्वतन्त्र राष्ट्र स्लोभेनियाको अल्पाइन एशोशियसन अफ स्लोभेनियाले बर्षेनी प्रशिक्षक तथा प्राविधिक पठाई उक्त तालिम संचालन गर्न सहयोग गर्दै आएको छ ।

अलान स्नो लियोपर्ड कप प्रदान

जनगणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बततर्फबाट मई ११-१३ मा नर्थ ओसिटियन पर्वतारोहण दलले विश्वको सर्वोच्च शिखर सगरमाथालाई सफलतापूर्वक आरोहण गरेको उपलक्ष्यमा रुसी फेडेरेशन अन्तरगतका रिपब्लीक अफ मर्दन ओसेटिया अलानिया राज्यका खेलकूद मन्त्री सोस्लान आन्जीयेभले सो राज्यका पर्वतारोहण संघका तर्फबाट त्यस राष्ट्रका राष्ट्रिय झण्डामा अंकित हिम चितुवालाई उपहार कपमा अंकित गरी अलान स्नो लियोपर्ड उपहार कप पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री भीमबहादुर रावललाई उहाँकै कार्यकक्षमा भदौ ९ गते एक समारोहका बीच प्रदान गर्नुभयो ।

समारोहमा नेपाल पर्वतारोहण संघका अध्यक्ष, उपाध्यक्ष, सचिव, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, सहसचिव, उपसचिवहरु, पर्यटन विभागका महानिर्देशकका साथै नर्थ ओसिटियन पर्वतारोहण दलका सदस्यहरु लगायत रुसी राजदूतको पनि उपस्थिति थियो । रुसी विज्ञान तथा सांस्कृतिक केन्द्रको अनुरोधमा नेपाल पर्वतारोहण संघले आयोजना गरेको सो समारोहमा स्नो लियोपर्ड कपको विशेषतावारे खेलकूद मन्त्रीले प्रकाश पार्नु भएको गियो भने नेपालको पर्वतारोहण सम्वन्धमा पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीले स्पष्ट पार्नु भएको थियो ।

सालिक निर्माण निम्ति रु ७ लाख सहयोग



२०५२ वैशाख १० गते विश्वको सर्वोच्च शिखर सगरमाथामा प्रथम नेपाली महिला आरोही स्व. श्रीमती पासाङ ल्हामु शेर्पाले पाइला टेकेको तेस्रो बर्ष पुगेको अवसरमा पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठानद्वारा आयोजित स्मृति दिवस कार्यक्रममा स्व.श्रीमती पासाङ ल्हामु शेर्पाको सालिक निर्माणार्थ नेपाल पर्वतारोहण संघको तर्फबाट संघका अध्यक्ष दावा नर्बु शेर्पाले प्रतिष्ठानका अध्यक्ष दमननाथ ढुंगानालाई रु. सात लाखको चेक हस्तान्तरण गर्नुभयो । उहाँले उक्त रकम विभिन्न कारणवश समयमा नै उपलब्ध गराउन नसक्नुको मूल कारण सालिक निर्माणस्थल निश्चित नहुनु पनि हो भन्नुहुँदै अहिले स्थान निश्चित भै सकेकोमा नेपाल पर्वतारोहण संघ परिवार हर्षित भएको जानकारी गराउनु भयो ।

संघले पोखरामा निर्माण गर्न लागेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा यस्ता साहसी पर्वतारोहीहरुको एक विशिष्ठ स्थानको व्यवस्था गरिने उद्देश्य रहेको जानकारी उक्त समारोहलाई श्री शेर्पाले अवगत गराउनु भयो । श्री शेर्पाले नेपाल पर्वतारोहण संघको मूल उद्देश्यनै साहसी पर्वतारोहीहरुको कल्याण तथा सम्वर्धन गर्नु रहेको सभालाई विदित भएकै हुनुपर्छ भन्नुहुँदै यस्ता कार्यहरुको सफलताका लागि सबैको सहयोग, सद्भावना सदा पाईराख्ने आशा तथा विश्वास लिएको जानकारी गराउनु भयो । साहसी पर्वतारोही स्व.श्रीमती पासाङ ल्हामु शेर्पाप्रति हार्दिक श्रद्धान्जलि ।

पर्वतारोहीहरुको शोभा यात्रा

विश्वको सर्वोच्च शिखर सगरमाथा नौ पटक आरोहण गर्ने आङरिता शेर्पा र सात पटक आरोहण गर्ने आपा शेर्पाको सम्मानमा जेठ ११ गते यहाँ शोभा यात्राको आयोजना गरियो । नेपाल पर्वतारोहण संघद्वारा आयोजित शोभायात्रा संघको कार्यालय नक्साल नागपोखरीबाट शुरुभई पुतलीसडक, सिंहदरबार र भद्रकाली लगायत नगर का विभिन्न स्थान हुँदै संघको प्रागंणमा पुगी बिसर्जन भएको थियो । शोभा यात्रामा विश्व प्रसिद्ध पर्वतारोही शोभा यात्रामा विश्व प्रसिद्ध पर्वतारोहीद्वय आंगरिता शेर्पा रहनुभएको खुला जिपको अगाडि-पछाडि पर्वतारोहणसँग सम्बन्धित संघ-संस्था, प्रतिनिधिहरु, पर्वतारोहण व्यवसायीहरु, अन्तर्राष्ट्रिय सगरमाथा समूहका सदस्यहरु र पत्रकार लगायत विभिन्न व्यक्तिहरु संलग्न थिए । सन् १९८३ मा पहिलो पटक सगरमाथा शिखरमा पुगेका आंगरिता शेर्पा गत वैशाख ३० गते नवौं पटक अक्सिजनको प्रयोग नगरी सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान कायम गरेका थिए । 'हिउँ चितुवा' को उपनामले चिनिने ४७ वर्षीय आंगरिता शेर्पा दश पटक सगरमाथा आरोहण गरेपछि मात्र थकाइ मार्ने आफ्नो धोको रहेको बताउँछन् । उनले नवौं पटकको आरोहण तिब्बततर्फबाट र यस अघिका आठ आरोहण नेपालतर्फबाट गरेका थिए । सोलुखुम्बु जिल्ला नाम्चे गाविस हिलाजुङ गाउँ निवासी आंगरिताका श्रीमती, तीन छोरा र एक छोरी छन् ।

यसैगरी आंगरिताका सफलताका पाइलालाई पछ्याउँदै गत वैशाख ३१ गते सातौं पटक सगरमाथा शिखरमा पुग्न सफल अर्का साहसी पर्वतारोही आपा शेर्पा सन् १९९० मा पहिलो पटक सो शिखरमा पुगेका थिए । ३७ वर्षीय युवा पर्वतारोही आपा सोलुखुम्बु निवासी हुन् ।

'हिम सम्राट' सम्मानित

विश्वको सर्वोच्च शिखर सगरमाथा विना अक्सिजन नवौं पटक आरोहण गर्ने विख्यात आरोही आंगरिता शेर्पा तथा सगरमाथा सात पटक आरोहण गर्ने आप्पा शेर्पालाई तत्कालीन गृहमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा जेठ १६ गते अभिनन्दन गरियो । शेर्पा सेवा केन्द्रद्वारा आयोजित कार्यक्रममा संसदमा प्रमुख प्रतिपक्षी दलका प्रमुख सचेतक चिर ब्जीवी वाग्ले, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष तथा सांसद नारायणमान बिजुक्छे, राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष जोगमेहर श्रेष्ठ तथा पर्वतारोहणसम्बन्धी संघ-संस्थाका प्रतिनिधि संघ-संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

शेर्पा सेवा समूहका सभापति सोनाम ग्याल्छेन शेर्पाको सभापतित्वमा भएको उक्त समारोहमा केन्द्रका सभापति जीबछिरिङ लामा, शेर्पा विद्यार्थी मञ्चका अध्यक्ष नीमाग्याल्जे शेर्पा, अखिल नेपाल बौद्ध समाजका आङदण्डी लामा, सोही केन्द्रका महासचिव सोनामछिरिङ शेर्पा लगायतका वक्ताहरुले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

पर्वतारोहण गतिविधि सम्बन्धी एक मात्र प्रकाशन

पर्वत

संघका सम्पूर्ण सदस्यहरुको सुझाव, शुभेच्छा तथा सहयोगको अपेक्षा राख्दछ ।

नेपालमा पहिलो पटक हिम-चिप्लेटी

पर्वतारोहीहरु नेपालका प्रसिद्ध हिमशिखर हरुको आरोहण मात्र गर्दैनन् अब त्यस्ता शिखरबाट फर्किंदा हिउँमा चिप्लेटी खेल्दै दुरुह एवं रोमांचक मनोरञ्जन पनि गर्छन् । अन्नपूर्ण प्रथम आरोहण गर्न सफल स्लोभेनियाली पर्वतारोहण दलका सदस्यहरु नेपाली पर्वतारोहणको इतिहासमा पहिलोपल्ट सो शिखरबाट फर्किंदा हिउँमा जेठको दोस्रो हप्ता चिप्लेटी खेल्दै आधार शिविरतिर फर्के । संस्थाले सन् १९६० देखि अहिलेसम्म विभिन्न उचाइको र १ सय ५० वटा आरोहणको आयोजना गरिसकेको छ । पर्वतारोहणको क्रममा सो दलले हालसम्म आफ्ना ६ जना सहयात्री गुमाइसकेको छ । उक्त संस्थाले १९७९ देखि मनाङस्थित पर्वतारोहण विद्यालयलाई सहयोग गर्दै आएको छ ।

पासाङ ल्हामु स्मृति महिला आवास गृह

विश्वको सर्वोच्च शिखर सगरमाथाको प्रथम पटक आरोहण गर्ने नेपाली महिला स्व.श्रीमती पासाङ ल्हामु शेर्पाको सम्मानमा स्थापना गरिने पासाङ ल्हामु स्मृति महिला आवास तथा निर्माणका लागि अध्यादेशबाट सरकारले प्रस्तुत गरेको आर्थिक बर्ष २०५२/५३ को बजेटमा रु. ५० लाखको व्यवस्था गर ी ऐतिहासिक कदम चालिएकोमा नेपाल पर्वतारोहण संघले उक्त व्यवस्थाको हार्दिक स्वागत गरेको छ ।

राष्ट्रको वैदेशिक मुद्राको श्रोतको रुपमा परिचित पर्वतीय पर्यटन र पदयात्रामा लागेका असंख्य पेशेवर तथा व्यवसायीहरुको उत्साहमा यस कदमले थप उत्साह र जाँगर थपेको छ । आगामी बर्षहरुमा पनि यस्तै सम्मान गर्ने थालनी र परम्परालाई निरन्तरता दिनेछ भन्नेमा संघ विश्वस्त छ । उक्त कदमले यस क्षेत्रमा लागेका असंख्य पेशेवर पर्वतारोहीहरुलाई सकारात्मक प्रभाव पार्नेछ ।



विना अक्सिजन नौ पटक सगरमाथा आरोहण गर्ने आङरिता शेर्पा तथा सात पटक सगरमाथाको चुचुरोमा पुग्ने आपा शेर्पाको शोभायात्राको एक दृश्य

तस्वीर: राजेन्द्र विकास

पर्यटन नीति-०५२ कार्यान्वयन

तत्कालीन प्रधानमंत्री एवं पर्यटन परिषद्का अध्यक्ष मनमोहन अधिकारीको अध्यक्षतामा जेठ ३१ मा बसेको पर्यटन परिषद्को तेस्रो बैठकले पर्यटन नीति- २०५२ पारित गऱ्यो । देशका अन्य क्षेत्रहरुसंग अन्तरसम्बन्ध स्थापित गर्दै पर्यटनलाई राष्ट्रको प्रमुख आर्थिक क्षेत्रको रुपमा विकसित गर्ने, पर्यटन उद्योगलाई ग्रामीण क्षेत्रसम्म विस्तार गरी रोजगारी, विदेशी मुद्रा आर्जन तथा राष्ट्रिय आय बृद्धि गर्ने र क्षेत्रीय असन्तुलनमा सुधार ल्याउने उद्धेश्य पर्यटन नीतिको रहेको छ । नीतिका अन्य उद्धेश्यमा देशको प्राकृतिक, सांस्कृतिक तथा मानवीय वातावरणको सम्बर्द्धन गर्दै पर्यटन उद्योगको विकास र विस्तार गर्ने पर्यटकहरुलाई स्तरीय सेवा तथा आवश्यक सुरक्षा प्रदान गरी अन्तर्राष्ट्रिय समुदायमा राष्ट्रको उच्च छवि कायम गर्ने र नेपाललाई एक आकर्षण पर्यटन केन्द्रको रुपमा विकास गर्ने छन् ।

एघार बुँदाको मूल नीति र चौविस बुँदाको कार्यनीति भएको सो पर्यटन नीतिले नयाँ पर्यटन स्थलहरुको पूर्वाधार निर्माण र विकासका लगानी परिचालन, जल, स्थल र वायुमा आधारित मनोरञ्जनपूर्ण साहसिक पर्यटन संचालनमा निजी क्षेत्रलाई प्रोत्साहन, धार्मिक, सांस्कृतिक महोत्सवका स्थलहरुमा आन्तरिक पर्यटक आकर्षित गर्ने, त्यस्ता स्थलहरुलाई अन्तर्राष्ट्रिय केन्द्रको रुपमा विकसित गर्ने र जैविक विविधताको उपयोग गरी पर्यटन प्रवर्द्धन गर्नेतर्फ जोड दिएको छ ।

नयाँ पदयात्रा मार्ग र पर्वतारोहणका लागि नयाँ शिखरहरु खुला गर्दै लाने, अन्तर्देशीय पर्यटन गतिविधिमा बृद्धि गरिने, सभा, सम्मेलन, मेला, महोत्सव र खेलकूदको आयोजनाबाट पर्यटन प्रवर्द्धन गर्ने, ग्रामीण पर्यटनलाई विशेष प्रोत्साहन दिई विविध कार्यक्रमहरु संचालन गर्ने कुरा पनि उक्त नीतिमा उल्लेख छ ।

पर्यटन प्रवर्द्धनका लागि राष्ट्रिय स्तरमा वातावरण मार्गदर्शन र स्थानीय वातावरण आचार संहिता तर्जुमा एवं कार्यान्वयन, पदयात्रा क्षेत्रलाई साधारण, निर्देशित र नियन्त्रित गरी तीन क्षेत्रमा वर्गीकरण, सगरमाथाको गरिमालाई अक्षुण्ण राख्न विशेष कार्यक्रम, पर्यटन मन्त्रालयमा पर्यटन अध्ययन तथा अनुसन्धान इकाइको स्थापना, विदेशस्थित नेपाली नियोग एवं इच्छुक व्यक्तिहरुलाई परिचालन, पर्यटकहरुको सुरक्षाप्रति विशेष ध्यान, पर्यटन प्रवर्द्धन कोष स्थापना आदि पर्यटन नीतिका मुख्य विशेषता रहेका छन् । पर्यटन उद्योगको वर्गीकरण, पर्यटन, उद्योग तथा व्यवसायका लागि सुविधा र सहुलियतको व्यवस्था, पर्यटन जनशक्तिको व्यवस्था र संस्थागत व्यवस्था आदिबारे पनि पर्यटन नीतिमा उल्लेख छ । बैठकमा पर्यटन प्रवर्द्धनका लागि नेपाल दर्शन बर्ष १९९८ मनाउनेबारे सिद्धान्ततः सहमति भई त्यसबारे पर्यटन विकास बोर्डमा विस्तृत छलफल गर्ने निर्णय भयो ।

पर्वत सफाई अभियान- बेइजिंगमा नेपाल सहभागी

हिमालय एडभेन्चर ट्रष्ट (HAT-J) जापानको निमन्त्रणामा चीनको Mt. Changbaishan याङ्जी बेइजिंगमा भदौको पहिलो हप्तामा भएको Supporting Cross Cultural Clean Mt. Youth Project 1995 मा संघका कार्य समिति सदस्य झलकबहादुर सिंहको नेतृत्वमा चार सदस्यीय प्रतिनिधिमण्डलले भाग लियो । प्रतिनिधिमण्डलका अन्य सदस्यहरुमा सोलुखुम्बुका दावा फिन्जो शेर्पा, पोखराका सोनम लामा र अछामका नरेन्द्रबहादुर साउद हुनुहुन्थ्यो ।

प्राकृतिक वातावरणप्रति मित्रवत तादात्म्य कायम गर्दै हिमालको आरोहण गर्ने र विभिन्न देशका विद्यार्थीहरुको विचारको आदान प्रदान गर्ने प्रमुख उद्देश्य लिई संचालन गर्ने उक्त कार्यक्रम हरेक बर्ष HAT-J को आयोजनामा हुने गर्दछ । सो कार्यक्रम आउँदो बर्ष यस संघको सक्रियतामा नेपालमा हुने भएको छ ।

एशियाली पर्वतारोहण सम्मेलन अर्को वर्ष नेपालमा

नेपाल पर्वतारोहण संघ संस्थापक सदस्य रहेको Union of Asian Alpine Association (UAAA) को सम्मेलन सन् १९९६ नेपालमा हुने भएको छ ।

विश्वप्रसिद्ध पर्वतारोही आङरिता विरूद्ध निराधार प्रचार

नेपाल पर्वतारोहण संघका अध्यक्ष दावा नर्बु शेर्पाले भदौ ७ गते एक पत्रकार सम्मेलनमा विश्वप्रसिद्ध पर्वतारोही आंगरिता र संघ विरुद्ध निराधार र भ्रामक पर्चाबाजी गरिएको बताउनु भएको छ । विज्ञप्तिमा भनिएको छ- २०३० साल कार्तिक १६ गते काठमाडौंमा दर्ता भएको नेपाल पर्वतारोहण संघ आज २२ वर्षको युवावस्थामा छ । तत्कालीन संस्थापक सदस्यहरु, पदाधिकारीहरुको परिश्रम र मिहिनेतले आजको यो वयस्क स्थितिमा पुग्न सफल भएको तथ्य स्मरण गराउन चाहन्छौं ।

पर्वतीय पर्यटन क्षेत्रमा अग्रणी भूमिका निभाउन सक्रिय यस संघ स्वच्छ सामाजिक संस्थाको रुपमा विकसित हुँदै गएको विदितै छ । तर यदाकदा आफ्नो निहीत स्वार्थ पूर्ति गर्न उद्यत केही व्यक्तिहरुले राष्ट्रको चौथो अंगको रुपमा विकसित पत्रकारहरुको आडमा संघलाई अनावश्यक विवादमा ल्याउने कार्य देखा परेको छ । यस प्रकारका अनर्गल प्रचार-प्रसारले संघका शुभेच्छुकहरुमा भ्रम पैदा भै संघको स्वच्छतामा नकारात्मक असर पर्ने मात्र नभई सम्मानित पत्रकार स्वयंको स्वाभिमानमा प्रश्न चिन्ह खडा हुने स्थिति आएको छ ।

यसै परिप्रेक्षमा हालै प्रकाशित साप्ताहिक "नेपाल जागरणका" वर्ष ३ अंक ३६ मा प्रकाशित समाचारप्रति हाम्रो ध्यानाकर्षण भएको छ । सत्य र तथ्य कुराको खोजबीन नै नगरी एकोहोरो समाचार प्रकाशित भएकोमा यो संघ खेद प्रकट गर्दछ । एशियन ट्रेकिङ काण्ड ५ शीर्षक अन्तर्गत लेखिएको उक्त अंकको समाचारमा संघका मानार्थ फिल्ड डाइरेक्टर आङरिता शेर्पाको पेशा र चरित्रमा आँच पुऱ्याउने किसिमले एक क्याप्सन प्रकाशित गरिएको रहेछ । उक्त क्याप्सनमा स्वस्थ्य एवं तन्दुरुस्त श्री शेर्पालाई मृगौला सम्बन्धी रोगले ग्रस्त भई अब आफ्नो अनुभव बाँड्न नसक्ने भएकोले विदेशी मित्रहरुसंग चन्दा माग गरी यस संघको प्रतीक चिन्ह, नाम राखी एशियन ट्रेकिंगको पुरानो ठेगानामा पठाउन अनुरोध गरेको देखियो । उक्त साप्ताहिकका अनुसार सो प्रकाशित क्याप्सन हाइ क्लासिफाइड ट्राभल, लण्डनबाट प्रकाशित हुने पत्रिकाबाट प्राप्त भएको हो भनी असत्य एवं भ्रामक समाचार उल्लेख गरिएको पाइयो ।

पर्वतारोहण जस्तो जोखिमपूर्ण पेशा अंगाली ९, ९ पटक बिना अक्सिजन विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी विश्व कीर्तिमान कायम राख्न सफल राष्ट्रिय आदरणीय व्यक्तिलाई अनर्गल प्रचार प्रसार गरी विवादास्पद स्थितिको सिर्जना गर्दा राष्ट्रले गरेको सम्मानको अपहेलना भई राष्ट्रिय व्यक्तित्वको उचित हेरचाह गर्न नसकेको भन्ने असत्य कुरा झल्कन्छ । ख्यातिप्राप्त राष्ट्रिय व्यक्तित्वको व्यक्तिगत जीवनमा असर पर्नु भनेको राष्ट्रको ख्यातिमा धक्का पुग्नु हो ।

उक्त क्याप्सनबारे एशियन ट्रेकिंग र नेपाल पर्वतारोहण संघले लण्डनस्थित उक्त नामसंग मिल्दोजुल्दो पत्रपत्रिकासंग पनि वास्तविकता जान्न पत्राचार गरेकोमा सो नाम गरेको कुनै पत्रिका नभएको र मिल्दोजुल्दो पत्रिकामा पनि त्यस्तो क्याप्सन नछापेको, नदेखेको भन्ने जवाफ प्राप्त भएको छ । यस प्रकारको कार्यलाई निरुत्साहित गर्न सत्य एवं तथ्य कुराको खोजबीन गरी वास्तविकता दर्शाउन हार्दिक अपील गर्दछौं । सो प्रकाशित समाचारमा यस संघका अध्यक्ष तथा संघको कुनै संलग्नता छैन भन्ने कुरा पनि स्पष्ट गराउन चाहन्छौं । हामीले एशियन ट्रेकिंगलाई पनि सो बारे स्पष्ट गर्न अनुरोध गरेका थियौं र यस्तो कार्य नभएको जानकारी प्राप्त भएको व्यहोरा अवगत गराउँदछौं ।

युवा पिंढीका पर्वतारोहीहरु सफल रहुन्

"मैले नवौं पटकसम्म बिना अक्सिजन सगरमाथा आरोहण गरी विश्व कीर्तिमान कायम गर्न सफल हुन सकेकोमा सम्पूर्ण नेपालीहरुको शुभकामना र खासगरी मेरा सहयोगी पर्वतारोही साथीहरुको उल्लेखनीय भूमिका रहेको छ । आरोहण कार्य एक जोखीमपूर्ण कार्य भएको हुँदा दलका सम्पूर्ण साथीहरुको सहयोग चाहिन्छ । आजको यस मौकामा मेरा ती सम्पूर्ण सहयोगी पर्वतारोही मित्रहरुको सहयोगको सम्झना गर्न चाहन्छु ।

मैले फलको आशा नराखी आफ्नो कर्तव्य गर्दै गए जसको फलस्वरुप मेरो कार्यलाई आज सरकारले पनि प्रशंसा गर्दै सरकारबाट दिन सक्ने सहयोग स्वरुप नगद पुरस्कार तथा प्रशंसापत्र प्राप्त गर्दा आरोहण कार्यमा कार्यरत रहँदा भोगेका डरलाग्दा क्षणहरुलाई बिर्सन पुगेको छु ।

देशको चिनारी गराउनमा सानो भूमिका खेल्न सकेकोमा मलाई गर्व लागेको छ । आउँदा दिनहरुमा आउँदा पिंढीका पर्वतारोहीहरुबाट झनै ठूलो कार्यहरु गर्न सकुन भन्ने शुभकामना व्यक्त गर्दछु । मलाई यसरी सम्मान दिन चाहने भावनाको उच्चतम कदर गर्दै वाणिज्य, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीज्यू र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका शुभेच्छुक अधिकृतहरुलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

पत्रकार बन्धुहरुमा मेरो अपील छ कि कुनै पनि समाचार प्रकाशित गर्नु अघि त्यस समाचारको सकारात्मक तथा नकारात्मक असर पर्ने हुन्छ भन्ने कुरा मैले यहाँहरुको अगाडि भनी रहँदा हास्यास्पद हुन सक्ला तर समाचार प्रकाशित गर्दा सम्बन्धित व्यक्ति विशेष, संघ संस्थासंग तथ्य के हो भन्ने बारेमा वास्तविकता बुझ्नु पर्छ जस्तो मलाई लाग्छ । किनकि हालै एक पत्रिकामा मेरो क्याप्सनसहितको विज्ञापन हाइ क्लासिफाइड ट्राभल भन्ने पत्रिकाबाट लिएको भनी म स्वस्थ्य, तन्दुरुस्त व्यक्तिको पेशामा नै आँच ल्याउने किसिमले निहीत स्वार्थ परिपूर्तिको लागि नेपाल पर्वतारोहण संघ, एशियन ट्रेकिंग र मलाईसमेत विवादमा पारी समाचार प्रकाशित गरेकोमा गहिरो रोष प्रकट गर्दछु । तपाईहरुलाई मेरो बारेमा केही सोधखोज गर्नु परेमा सिधै मसंग सम्पर्क गर्न हुन पनि मेरो हार्दिक अपील छ ।"

– आङरिता शेर्पा

नवौं पटक बिना अक्सिजन सगरमाथा सफल आरोही

पोखरामा पर्वतीय संग्रहालय

नेपाल पर्वतारोहण संघले पोखराको रातो पैरामा अन्तर्राष्ट्रिय पर्वतारोहण संग्रहालय निर्माण गर्ने उद्देश्य अनुरुप प्रारम्भिक कार्यहरु शुरु गरेको छ । पर्वतीय संग्रहालय निर्माणका पूर्वाधार तयार पार्न आवश्यक अग्रसरता चालिनुका साथै विभिन्न राष्ट्रका पर्वतारोहण संघलाई यस दिशामा आवश्यक सहयोग उपलब्ध गराउन समेत आग्रह गरिएको छ ।

सन् १९९५ शरद ऋतुः कसले आरोहण अनुमति पाए ?

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस वर्षको शरद ऋतुमा नेपालका २० विभिन्न हिमशिखरहरु आरोहण गर्न कूल ६० दललाई आरोहण अनुमति दिएको छ । नेपालका हिमशिखरहरुको आरोहणनिम्ति सबैभन्दा बढी जापानी आरोहीहरुले चासो देखाएका छन् ।

वर्षको शरद ऋतुमा जापानको ११ आरोहण टोलीले तथा जर्मनका सात टोलीले आराहण गर्नेछन् ।

त्यस्तै फ्रान्सका छ, इटाली, स्पेन तथा संयुक्त अधिराज्यका पाँच-पाँच, अमेरिकाका चार, कोरिया तथा स्विजरल्याण्डका तीन-तीन र अन्य मुलुकहरु अस्ट्रेलिया, बुल्गेरिया, चेक, कजाखस्तान, पोल्याण्ड, रसिया र युगोस्लाभियाका एक-एक टोलीलाई आरोहण अनुमति दिइएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा भने कोरिया र युगोस्लाभियाका टोलीहरुलाई क्रमशः दक्षिण-पश्चिम मोहडा र पश्चिम मोहडाबाट चढ्ने अनुमति दिइएको छ । श्री ५ को सरकारले एक ऋतुमा एउटा मार्गबाट मात्र आरोहण टोलीलाई अनुमति दिने प्रावधान राखेको छ । कूल ६० आरोही दलका कूल ४१६ आरोहीमध्ये रहेका आठजना नेपालीलाई समेत अनुमति दिइएको पनि छ ।

आरोहण टोलीहरु चुचुरोका नाम र उचाई	आरोहण दल संख्या
अमादब्लम (६८१२ मि.)	१४
अन्नपूर्ण प्रथम (८०९१ मि.)	१
अन्नपूर्ण तेस्रो (७५५५ मि.)	१
अन्नपूर्ण चौथो (७५२५ मि.)	१
बरुन्तसे (७१२९ मि.)	३
चोलात्से (६४४० मि.)	१
चो. पोलु (६७११ मि.)	२
धौलागिरि प्रथम (८१६७ मि.)	८
डोर्गे लाक्पा (६९६६ मि.)	१
गौरीशंकर (७१३४ मि.)	१
गिभिगेला (७३५० मि.)	२
कंचनजंघा (८५६८ मि.)	६
ल्होत्से (८५१६ मि.)	२
मकालु (८४६३ मि.)	२
मनास्लु (८१६३ मि.)	२
नुप्त्से (७८५५ मि.)	२
पासाङ ल्हामु चुली (७३५१ मि.)	१
पुमोरी (७१६७ मि.)	७
सगरमाथा (८८४८ मि.)	२
तिलिचो (७१३४ मि.)	१
कूल	६०

सगरमाथा कसरी चढ्ने ?

सगरमाथा आरोहण गर्नु अब ठूलो कुरा भएन । ठूलो कुरा के भयो भने कसले कस्तो पोशाक लगाएर आरोहण गऱ्यो । हालसम्म ५ सयभन्दा बढी स्वदेशी तथा विदेशी आरोहीहरु सगरमाथाको शिखर मा पुगिसकेका छन् । पहिलोपल्ट राष्ट्रिय पोशाक, दौरा सुरुवाल लगाई सर्वोच्च शिखर टेकेको दावी गर्ने २२ वर्षीय लोप्साङ जाङ्बो शेर्पा त्यतिखेर अचम्मित भए जब काजी शेर्पाले आफ्नो दावी प्रकट गरे । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार दोलखा निवासी लोप्साङ गते मे ७ तारिख दौरा, सुरुवाल र टोपीसहित सगरमाथा चुली पुगेका हुन् । "राष्ट्रिय पोशाक लगाएर शिखरमा म एकघण्टा बसिरहें, तर फोटो खिचिदिन कोही आइपुगेन", हिउँले डढेको अनुहार लिएर हाले यहाँ आइपुगेका लोप्साङले फोटो देखाउँदै भने, "त्यो पोशाक फुकालेर चुलीमा राखें र त्यसको फोटो खिचें ।"

न्युजिल्यान्डको टोलीमा 'हाइ अल्टिच्युड शेर्पाका रुपमा लोप्साङ आरोहणमा सहभागी भएका थिए । अर्का दाबेदार सोलुखुम्बु निवासी ३२ वर्षीय काजी शेर्पाले लोप्साङको फोटो नभएकाले आफू नै राष्ट्रिय पोशाकसहित सगरमाथा टेक्ने पहिलो व्यक्ति भएको दावी पत्रकार सम्मेलनमा गरे । काजी शेर्पाले अमेरिकी टोलीका साथ यही मे १४ तारिख तिब्बतबाट सगरमाथा आरोहण गरेका हुन् । दुवै युवा आरोहीहरु तीन-तीनपल्ट विश्वको सर्वोच्च शिखर पुगिसकेका छन् । गत वर्ष शेर्पा पोशाक, बरुखु लगाई उक्त चुली टेक्ने पहिलो आरोही भएका लोप्साङ भन्छन्, "अब अर्को पल्ट म के पोशाक लगाएर जान्छु कसैलाई भन्दिन ।" काजीले आधार शिविरबाट १८ घण्टामा सगरमाथा आरोहण गर्ने भनी राखेको लक्ष्यप्रति इङ्गित गर्दै प्रतिस्पर्धाको भावमा लोप्साङ् भन्छन्, "मैले १६ घण्टामा आरोहण गर्ने विचार गरेको छु ।"

पासाङ् ल्हामुको प्रतिमा शिलान्यास

तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले सगरमाथा विजयी प्रथम नेपाली महिला श्रीमती पासाङ ल्हामु शेर्पाको स्मृतिमा जेठ ३ गते स्थानीय बौद्ध चुच्चेपाटीमा स्मृतिस्थल निर्माण गरी प्रतिमा स्थापना गर्ने कार्यक्रमको शिलान्यास गर्नुभयो । पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठानको अग्रसरतामा रु. १४ लाख खर्च गरी निर्माण गर्न लागिएको स्मृतिस्थलको लागि तारा गाउँ विकास समितिले एक रोपनी २ आना जग्गा उपलब्ध गराएको छ ।

समारोहमा पासाङ ल्हामु अन्तर माध्यमिक विद्यालय छात्रा हाजिरी जवाफ प्रतियोगितामा विजयी हुने विद्यालय तथा छात्राहरुलाई प्रधानमन्त्रीले शिल्ड तथा प्रमाणपत्र वितरण गर्नुभयो । त्यस अवसरमा पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीले पासाङ ल्हामुको सम्मान गर्न सरकारले खुम्बु क्षेत्रको जसम्वा हिमाललाई पासाङ ल्हामुचुली नामाकरण गरिएको र प्रेरणा स्रोतका रुपमा रहेका यस्ता विभूतिहरुको सम्मानमा सरकारले उचित सहयोग दिने वचनवद्धता पनि व्यक्त गर्नुभयो ।

पासाङ ल्हामु पर्वतारोहण प्रतिष्ठानका अध्यक्ष तथा पूर्व सभामुख दमननाथ ढुंगानाले सभापतिको आसनबाट प्रकृति, सौन्दर्य, संकल्प र साहसको प्रतीक सगरमाथाको शिखरमा प्रथम पाइला हाल्ने पासाङ ल्हामुको सम्झनामा गरिने हरेक कार्यक्रममा सरकारले सहयोग गर्ने वचनवद्धताको प्रशंसा गर्नुभयो । सो अवसरमा जनकवि केशरी धर्मराज थापाले कविता वाचन गर्नुभएको थियो भने तारा गाउँ विकास समितिकी श्रीमती अंगुरवावा जोशीले पासाङ ल्हामु कर्तव्य प्रेरणाकी स्रोत भएको कुरा बताउनु भयो ।

आपा शेर्पाः सातौं पटक सगरमाथा आरोहण

विश्वको सर्वोच्च शिखर सगरमाथा ९ पटक आरोहण गरेर आङरिता शेर्पाले नयाँ विश्व कीर्तिमान कायम गरेको लगत्तै नेपालका अर्का प्रसिद्ध पर्वतारोही आपा शेर्पा सातौं पटक सो चुचुरोमा पुग्न सफल भए । अमेरिकी आरोहण दलमा संलग्न ३७ वर्षीय आपा शेर्पाका साथै निमारिता शेर्पा, अरिता शेर्पा र अमेरिकी विद्यार्थी ब्रेडफोर्ड च्यापम्यान बुल दक्षिणपूर्वी मोहडाबाट सगरमाथा शिखरमा पुग्न सफल भएका थिए । सात सदस्यीय सो दलको नेतृत्व रोबर्ट होफम्यानले गर्नुभएको थियो ।

List of Mountaineering Expedition Teams

Permitted During 1995 Autumn

	Name of the peak & Expedition Team	Country	Name of the Leader	No. of Members	Ascent Route
	Amadablam (6812m)				
1.	Amical Alpine Amadablam Exp. 1995	Germany	Mr. Ralf Dujmovits	7	S.W. Ridge
2.	Spanish Amadablam Exp. 95	Spanish	Mr. Joseba Mirrene E. Mendisla	7	S.W. Ridge
3.	IMC Amadablam Exp. 1995	Germany	Mr. Hans Eitel	5	S.W. Ridge
4.	Peter Habeler Amadablam Exp. 1995	Austria	Mr. Peter Habler	4	S.W. Ridge
5.	H.G. Amadablam Exp	U.K.	Mr. Henry Todd	7	S.W.Ridge
6.	Polish International Amadablam Exp. 1995	Poland	Mr. Ryszard Pawlowski	2	S.W. Ridge
7.	Sanga Amadablam Exp	Spanish	Mr. Jorge Clariana Gomez	7	S.W. Ridge
8.	Swiss Italian Amadablam 95	Swiss	Mr. Aldo Versaroli	6	S.W. Ridge
9.	Italian Amadablam 1995	Italy	Mr. Jshann Kammerlandee	7	S.W. Ridge
10.	French Expedition of Amadablam	France	Mr. Michel Richard	5	S.W. Ridge
11.	Amadablam Italian Exp	Italy	Mr. Alfored Malingambi	7	South Face
12.	Italian Amadablam Exp. 95	Italy	Mr. Arturo Squinobal	7	S.w. Ridge
13.	Amadablam 1995	France	Mr. Bruno Palladini	5	S.W. Ridge
14.	American amadablam Exp	USA	Mr. Pemba Tseri Sherpa	6 +1	N.W. Ridge
	Annapurna I (8091m)				
15.	French Annapurna I Exp. Annapurna III (7 555m)	France	Mr. Jean Christophe Lafailk	1	South Face
16.	Sapporo Hokuryo Alpine Club Annapurna III Exp. Annapurna IV(7525m.)	Japan	Mr. Tustomo Saito	7	West Ridge
17.	Annapurna IV Friendship Exp. 1995	Germany	Mr. Pavel Dolecek	9	North Face
	Baruntse (7129m.)				
18.	Amical Alpine Baruntse Exp. 1995	Germany	Mr. Andrees Krans	12	West Col to South Ridge
19.	Baruntse South East Ridge Exp.	U.K.	Mr. Allan Palkington	5	South East Ridge
20.	The Russian Alp–sport Exp. 1995	Russian	Mr. Sergey Efimov	12	West Face
	Cholaste (644om)				
21.	Choleste Expedition Autumn 1995	France	Mr. Paul Robach	6	North Face
	Cho–Polu (6711m.)				
22.	The Cho–polu Expedition of Tukuoka 1995 (6711m.)	Japan	Mr. Kazuyoshi Yamagata	6+6	North Ridge
	Dhaulagiri I (8167m.)				
23.	Japan Dhaulagiri I Exp 1995	Japan	Mr. Hirofumi Konishi	7	N.E. Ridge
24.	Expedition Dhaulagiri 95	Spain	Mr. Pedro Rodriguez Sanchez	6	N.E. Ridge
25.	Japan Snow Leopard Dhaulagiri I Expedition	Japan	Mr. Kondo Kazuyoshi	6	N.E. Ridge
26.	Schwaben & Vorar lberger Expedition	Germany	Mr. Seigfried Hupfauer	6	N.E. Ridge
27.	International Exp. Dhaulagiri 1995	Bulgaria	Mr. Borislav M. Dimitrov	7	N.E. Ridge
28.	Miyazaki University Dhaulagiri I Exp. 1995	Japan	Mr. Turuteru Hashimoto	9	N.E. Ridge
29.	French Dhaulagiri Exp.'95	France	Mr. Yves Detry	7	N.E. Ridge
30.	Dutch Dhaulagiri Exp. (8167 m.)	Dutch (Holland)	Mr. L.A.B (Bart) Vos	1	N.E. Col N.E. Ridge
	Dorje Lakpa (6966m.)				
31.	Y.R.C. Dorge Lakpa Exp. (Joint)	U.K.	Mr. Gerard Campion	13	Western Ridge to Eastern Ri
	Gaurishankar (7134m.)				
32.	British Gaurishankar Exp. 1995	U.K.	Mr. Nicholas Herbert Harper	7	West Face
	Gimmigila (7350m.)				
33.	Nepal Police & Tokyo University of Agriculture Gimmigila Chuli Exp. 1995	Japan	Mr. Yasunari Yamasita	12+5	West Ridge
34.	Gimmigila Chuli Joint			8+3	

	Exp. 1995	Japan	Mr. Tsuguyasu Itami		West Ridge
	Kanchenjunga (8586m.)				
35.	Australian School of Mountaineering Exp.	Australia	Mr. Derch Francies Murphy	6	North Face
36.	Italian Kanchenjunga Exp. 1995	Italy	Mr. Sergio Martani	7	S.W. Face
37.	International Kanchenjunga Expedition 1995	Swiss	Mr. Erhard Loretan	15	South Face
38.	Japan Kanchenjunga Exp.	Japan	Mr. Hirofumi Konishi	4	S.W. Face
39.	Kanchenjunga 40th Anniversary Exp.	Spain & USA	Mr. Magdalena	4	South West Face
40.	Terress D' Avanture Kanchenjunga 1995	France	Mr. Yivan Extinne	6	South West Face
	Lhotse (8,512m.)				
41.	95 Korean Lhotse Exp.	Korea	Mr. Yi Byung Kap	6	Normal Route
42.	Inurrategi Lhotse Exp.	Spain	Mr. Felix Inurrategi Iriarte	7	Normal Route
	Makalu-1 (8463 m.)				
43.	Dutch Makalu I Exp. 1995	Dutch (Holland)	Mr. Reinier Zuidhoff	6	N.W. Ridge
44.	1995 Makalu S.E. Face Exp (8463m)	U.S.A.	Mr. Daniel Mazur	4	S.E. Face
	Manasulu (8163m.)				
45.	Kazakhstan Manaslu 1995	Kazakhstan	Mr. Kazbok S. Valiev	17	S.E. Face
46.	Kathmandu Club Manaslu 1995 Exp.	Japan	Mr. Ken Kanazaiva	15	Normal Route
	Nuptse (7855m.)				
47.	DAV Leistungs Exp. 1995	Germany	Mr. Walfgang Pohl	5	S.E. Ridge
48.	DAV Leistungs Exp. 1995	Germany	Mr. Christoph Kruis	5	S.E. Ridge
	Pasang Lhamu Chuli (7351m.)				
49.	95 Korea Nepal Pasang Lhamu Peak Joint Exp.	Korean	Mr. Moon Kyu San	6	North West Ridge
	Pumori (7167m.)				
50.	Ehrwald	Austria	Mr. Hohenegg Reinhard	7	S.E. Ridge
51.	Pumori Exp.	Czech	Mr. Ivan Foltyn	3	S.E. Face
52.	1995 American Pumori Exp.	USA	Mr. William Charles	6	S.E. Face
53.	1995 American Pumori Exp.	USA	Mr. Stieven Matous	7	S.E. Face
54.	1995 Italian Pumori Exp.	Italy	Mr. Orcste Forno	7	S.E. Face
55.	Swiss Italian Pumori Exp. 1995	Swiss	Mr. Aldo Verzaroli	6	S.E. Face
56.	British Pumori Exp. 1995	U.K.	Mr. Richard Horsburgh	5	S.E. Ridge
	Sagarmatha (Mt. Everest 8848m)				
57.	1995 Korean Everest South West Face Expedition	Korea	Mr. Cho Hyung Hyu	5	S.W. Face
58.	Yugoslav Everest Expedition	Yugoslav	Mr. Radosav Nikcevic	7	West Ridge
	Tilicho (7134m)				
59.	Tilicho Fall 95	U.S.A.	Mr.Tim Whalan	5	N.E. Ridge

No. of Expedition Teams Countrywise 1995 Autumn

	Name of the country	No. of team	No. of member
1.	Austria	2	11
2.	Australia	1	6
3.	Bulgaria	1	7
4.	Czech	1	7
5.	France	6	30
6.	Germany	7	49
7.	Holland (Dutch)	2	8
8.	Italy	5	35
9.	Japan	11	83 + 8 Nepalese
10.	Kazakhstan	1	17
11.	Korea	3	18
12.	Poland (Polish)	1	2
13.	Russia	1	12
14.	Spain	5	30
15.	Switzerland	3	27
16.	U.K.	5	37
17.	U.S.A.	4	22
18.	Yugoslavia	1	7
	Total	60	408 + 8

हिमाली भरियाको समस्या

हिमाली भरियाको जीवन बीमा अनिवार्य रुपमा हुनुपर्ने कानून बनिसके तापनि यसको कडाइकासाथ पालना हुन सकेको छैन । पर्वतारोहीहरुको मालसामान बोकेर निर्वाह गर्ने भरियामध्ये ५० प्रतिशतभन्दा बढीका जीवन बीमा नहुने गरेको बुझिएको छ । 'हिमाली क्षेत्रमा भरिया' विषयमा हिमाल पत्रिकाद्वारा ललितपुरमा साउन १८ गते भएको सम्मेलनका सहभागीहरुबाट यो वास्तविकता खुल्न गएको हो । सहभागीको तर्क थियो- "प्रायजसो पर्वतारोहण दलले सम्बन्धित क्षेत्रमै गएर भरियाको व्यवस्था गर्दछ र कारणवश दुर्घटनामा त्यस्ता भरियाको मृत्यु भएमा जीवन बीमाको त के कुरा नाम समेत प्रकाशमा आउँदैन ।" यसैले भरियाको कल्याणका निम्ति सबैको ध्यान जानुपर्ने कुरामा सहभागीहरुले जोड दिएका थिए ।

हिमाली क्षेत्रमा मालसामान बोक्ने भरियाका हक र हितका निम्ति आजसम्म अन्य कुनै कानून नबनेको उल्लेख गर्दै सहभागीहरुले यसबाट भरियाहरु विभिन्न समस्यामा अल्झिने गरेको कुरा स्पष्ट गरे ।

सम्मेलनमा वन, स्रोत सम्बन्धी विशेषज्ञ ल्हाक्पा नोर्बु शेर्पाले हिमाली क्षेत्रमा हेलिकोप्टरको प्रयोग गर्न दिंदा स्थानीय भरियाको आम्दानी एवं रोजगारीमा ठूलो असर पर्ने कुरा बताउनुभयो । श्री शेर्पाले भरियाको घरमा गएर उनीहरुको अवस्था अध्ययन गरेको खण्डमा वास्तविकता छर्लङ्ग हुने जानकारी दिनुभयो । श्री ५ को सरकार लगायत सबै पक्षबाट भरियामा परिराखेको यो समस्याको अन्त्य गर्ने प्रयास हुनु जरुरी छ भन्ने कुरामा उहाँले जोड दिनुभयो ।

समारोहमा क्यानडास्थित टोरोन्टो विश्वविद्यालयका प्राध्यापक केन म्याक डोनाल्डले उत्तरी पाकिस्तानमा भरियाको आर्थिक स्थिति सुधार गर्ने गरिएको विषयबारे जानकारी दिँदै भरियाको आर्थिक अवस्था सुधार्न अनेकन प्रयास हुनुपर्ने सुझाव दिनुभयो ।

भारतको देहरादूनस्थित 'एकेडमी अफ माउन्टेन एन्भारोनिक्सले निक्स' का रामामूर्ति श्रीधरले केदारनाथ क्षेत्रमा कार्यरत हिमाली भरियामा अधिकांश नेपाली छन् भन्नुभयो । श्रीधरका अनुसार, त्यहाँ खासगरी रोल्पाका मानिसहरु भरियाका रुपमा कार्यरत छन् । नेपाल पर्वतारोहण संघका प्रथम उपाध्यक्ष डा. रमेशराज कुँवरका अनुसार, नेपालमा हिमाली भरियाको संख्या करीब ६० हजार छ भनिए तापनि यो २० देखि २७ हजारमा सीमित छ । त्यसमध्ये प्रायजसो केटा भरिया हुने गरेका छन् । तर, भरियाको संख्याबारे हालसम्म आधिकारिक रुपमा अध्ययन भएको छैन । उहाँले पोखरा, धुन्चे, जिरी तथा लुक्लामा रहेका महिला भरियाबारे अध्ययन गरेको जानकारी दिँदै महिला भरियामाथि विभिन्न प्रकारले शोषण हुने गरेको कुरा बताउनुभयो । नेपालमा हालसम्म करीब ३०० ओटा 'ट्रेकिङ्ग एजेन्सी' आधिकारिक रुपमा दर्ता भएतापनि भरियाको जीवन बीमा जस्ता कार्यमा यस्ता एजेन्सी सक्रिय नरहेको बुझिएको छ ।

सम्मेलन आयोजनाको उद्देश्यमाथि प्रकाश पार्दै हिमाल पत्रिकाका सम्पादक कनकमणि दीक्षितले "हिमाली क्षेत्रका भरियाहरुले भोग्नुपरेको समस्याप्रति सबैको ध्यान जाओस् र उनीहरुको हकहितका लागि सबै क्षेत्रबाट प्रयास होस् भनेर सम्मेलनको आयोजना गरिएको हो भन्नुभयो ।

गोष्ठीमा डा. बुद्ध बस्नेतले पर्वतीय क्षेत्रका भरियाको स्वास्थ्य समस्या तथा दिव्या गुरुङ र छिरिङ टेन्पाले 'महिला भरिया' बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सम्मेलनमा भारत, भूटान, क्यानाडा लगायत विभिन्न मुलुकका विशेषज्ञहरु समेतको सहभागिता थियो ।

जासम्वा अब पासाङ ल्हामु चुली

श्री ५ को सरकारले आरोहणका लागि खुला गरिएका खुम्बु क्षेत्रका अन्य हिमालहरुमा लागू भएको वर्तमान व्यवस्था नै लागू हुने गरी पूर्वी नेपालस्थित देहायका विवरण भएको जासम्बा भनिने हिमालको नाम "पासाङ ल्हामु चुली" नामाकरण गरी मिति २०५२।१।२२ को निर्णयानुसार पर्वतारोहण प्रयोजनको लागि खुला गरेको छ ।

हिमालको भौगोलिक विवरण:

प्रशासनिक क्षेत्र	:	सगरमाथा अंचल, सोलुखुम्बु जिल्ला नाम्चे गाउँ विकास समिति
सिमाना	:	उत्तर-चीन दक्षिण- नेपाल पश्चिम-नेपाल पूर्व-नेपाल
अवस्थिति	:	अक्षाश २८ ०४' २४" देशान्तर ८६ ३६' ५३"
पर्वत श्रृङ्खला	:	महालंगुर (खुम्बु)
उचाई	:	७३५१ मिटर
आरोहण मार्ग	:	(क) उत्तर पश्चिम धार
	:	(ख) दक्षिण पश्चिम मोहडा
	:	(ग) दक्षिण धार
लस्कर मार्ग	:	काठमाडौं-लुक्ला-नाम्चे-थामे-मार्लुङ-लुङदेङ लुप्सुम्बा-हिमनदी-आधार शिविर ।

- नेपाल राजपत्र (२०५२।४।२९)

हार्दिक समवेदना

नेपाल पर्वतारोहण संघका कार्यसमिति सदस्य नरहरि भण्डारीका पिता मोतीलाल भण्डारीको ७५ वर्षको उमेरमा २०५१।१२।१८ मा देहावसान भई पितृशोक परेको तथा नेपाल पर्वतारोहण संघको वातावरण समितिका सदस्य डा. शंकरराज पन्तको माता खल कुमारी पन्तको ७३ वर्षको उमेरमा २०५१।११।६ मा हृदयगति बन्द भइ देहावसान भएकोमा नेपाल पर्वतारोहण संघ परिवार उहाँहरुप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

यस्तै UIAA का अध्यक्ष पियत्रो सगेन्तिनीको निधनप्रति संघ समवेदना व्यक्त गर्दछ ।

NMA

नेपाल पर्वतारोहण संघ
प्रचार-प्रसार समितिद्वारा प्रकाशित
पो.व.नं. १४३५, नक्साल, काठमाडौं
फोन: ४११५२५
फ्याक्स: ९७७-१-४१६२७८
प्रचार तथा प्रकाशन समिति संयोजक
शान्त कुमार सुब्बा
सदस्यहरु-रमेश तिवारी, विजय श्रेष्ठ
हरिप्रसाद श्रेष्ठ, हरिवंश किराती
सम्पादन- रमेश तिवारी